# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



नयाँ प्रव्रज्या ग्रहण गर्नुहुने गुरुमाँलाई धम्मवती गुरुमाँले केश काट्नु हुँदै




पद्म चैत्य विहारको ... नव प्रव्रजित गुरुमाँहरू


सकिमिला पुन्ही

वर्ष-२१; अङ्क-८

DHARMAKIRTI

बिक्रम सम्वत् २०६०

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- वर्षावास र कथिन चीवर दान | - | २ |
| ३. | धम्मपद-१६४ | - रीना तुलाधर | ३ |
| ४. | बाल आश्रमलाई सहयोग | - | ३ |
| ५. | शाक्यमुनी बुद्ध-२ | - भिक्षु धम्मावुध | ४ |
| ६. | नामले अलच्छिना कि कामले अलच्छिना | - भिक्षु संघरक्षित | ८ |
| ७. | बौद्ध परियत्ति शिक्षा | - राजेश देसार | ९ |
| ८. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ११ |
| ९. | धर्मकीर्ति पत्रिकालाई चन्दा | - | ११ |
| १०. | पालिशब्द छोटो अध्ययन | - सुजनो भिक्खु | १२ |
| ११. | वनेमानि छन्हुया दिनय् प्यम्ह पासां क्वबीका | - ज्ञानीदेवी महर्जन | १३ |
| १२. | गौतम ज्ञानी | - मदन महर्जन | १३ |
| १३. | प्रणिधिपूर्ण महाविहार | - सुरेश नकर्मी | १४ |
| १४. | *सप्तरत्न धन*-६ त्याग-६ | - प्रकाश वज्राचार्य | १६ |
| १५. | लशकुश म्यें | - गणेश वज्राचार्य | १७ |
| १६. | छलफल - कथिन चीवर दान व उत्सव | - मेघदूत | १८ |
| १७. | अहिलेका अंगुलीमाल | - अ. सुमेधावती | १९ |
| १८. | दुःखको उपयोग गरौं | - चित्ररत्न शाक्य | १९ |
| १५. | धर्मकीर्ति विहार-गतिविधि | - | २० |
| १६. | धर्म प्रचार-समाचार | - | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ग्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५३ १८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
फोन: ४२५७ ५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५९ ४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


NOVEMBER 2003

| वर्ष- २१ | अङ्क- ८ | सकिमिला पुन्ही | मंसीर २०६० |
|---|---|---|---|





★ जो बलवान युवक भएर पनि अल्सी भई उद्योग गर्ने समयमा उद्योगी (मेहनती) हुँदैन, त्यस्ताले उच्च आकांक्षाले हीन भएर प्रज्ञा ज्ञान प्राप्त गर्न सक्तैन।

★★★

★ काम त तिमीहरूले नै गर्नु पर्दछ, तथागतहरूले त केवल मार्ग देखाई दिनुहुन्छ; त्यस मार्गको आचरण गरी ध्यानाभ्यासी भएर मारको बन्धनबाट मुक्त हुनेछ।

★★★

★ जसले वचन र मनलाई संयम गरी शरीरले कुनै अकुशल पाप गर्दैन, यी तीन कर्मपथलाई शुद्ध गर्ने पुरुष बुद्ध भगवान्को अष्टांगिक मार्गमा जान सक्छ।

सम्पादकीय

# वर्षावास र कथिन चीवर दान

भिक्षुहरू एउटै स्थानमा रही आध्यात्मिक उन्नति र धर्मप्रचार कार्यमा तल्लिन भइरहने नियमलाई वर्षावास भनिन्छ। हुनत भिक्षुहरूको यस नियमको महत्त्वलाई थाहा नहुने व्यक्तिहरूबाट आउने अपवादबाट बच्नको लागि बुद्धले यो नियम बनाउनु भएतापनि अहिले आएर यस नियम बुद्ध शासनको एउटा अभिन्न अंग बनिसकेको देखिन्छ। आषाढ पूर्णिमा देखि आश्वीन पूर्णिमा (तीन महिने वर्षात काल) सम्म एउटै स्थानमा रहने नियम रहेको छ। यसरी तीन महिनासम्म एउटै स्थानमा रहनु पर्ने कारण किन होला ?

बुद्धकालिन समयमा अहिलेको जस्तो अलग्ग अलग्ग विहार बनाई बस्ने चलन चल्ति थिएन। बुद्धको निर्देशन अनुसार बहुजन हिताय, बहुजन सुखाय उद्देश्य लिई बुद्ध शिक्षा प्रचारार्थ गाउँ-गाउँ, नगर नगरमा घुम्न जानु पर्थ्यो। वर्षात् काल भनी यस कार्यलाई रोक्न हुन्नथ्यो।

तर जैन महावीरका शिष्यसाधुहरू भने कट्टर अहिंसावादी भएको कारणले वर्षात्काल तीन महिनासम्म एउटै स्थानमा रहनुपर्ने नियम थियो। किनभने वर्षाकाल समयमा भुइँमा थुप्रै कीराहरू उत्पन्न भइरहन्छन्। जब यस्तो समयमा बाहिर निस्कने गर्छन् तब थुप्रै कीराहरू कुल्चिएर मर्छन्। त्यसैले यसरी आफ्नो तर्फबाट कीराहरूको ज्यान जाने कार्य नहोस् भन्ने हेतुले उनीहरू बर्षात्काल तीन महिना बाहिर ननिस्किने नियम बनाएका थिए।

तर यता बुद्धका श्रावक भिक्षुहरू वर्षाकालमा पनि खेतको आली आलीबाट हिँडिरहेको देखेर यसरी उनीहरू कराउन थाले

- "बुद्धका शिष्य भिक्षुहरू पनि कस्ता रहेछन् ... ... आदि आदि।"

त्यसैले बुद्धले बर्षात्का ३ महिना सम्म वर्षावास बस्नुपर्ने नियम बनाउनु भई यसको फाइदाहरूलाई यसरी विश्लेषण गर्नुभएको छ-

१. अपवादवाट बच्न सकिन्छ। २. आध्यात्मिक उन्नतिको लागि ध्यान भावना अभ्यास गर्न समय मिल्नेछ। ३. आफूभन्दा जेठो र विद्वानवर्गहरूबाट ज्ञान लाभ गर्ने मौका मिल्नेछ। ४. श्रद्धावान् गृहस्थी व्यक्तिहरूलाई बुद्ध शिक्षा सिकाउने अवसर मिल्नेछ।

तर वर्षावास बसिसकेपछि पनि कम्तिमा ६ दिन सम्म बाहिर जान सकिने छूट भने दिइएको छ। तर यस प्रकारको छूट पनि विभिन्न बाध्यताले भरिएको अवस्थाको लागि मात्र प्रयोग गर्न सकिनेछ। ती यसरी छन्-

१. धर्मदेशना गर्नको लागि
२. आफ्ना आमा बुबा बिरामी पर्दा
३. निमन्त्रणाहरू आई भोजन जानको लागि।

यसरी बाध्यता वस बाहिर रहनै परेपनि सातौं दिनमा आफ्नो स्थानमा फर्किन अनिवार्य रहेको छ। वर्षावास बसेको समयमा नै एक हप्ता भित्रमा फर्केर आउने अधिस्थान गर्नुपर्छ।

वर्षावास बसेका भिक्षुरूको तर्फबाट बुद्धशिक्षा सुनी शुद्ध चित्तले पञ्चशील पालन गरी अभ्यास गर्न सफल मातिक माता उपासिकाले आध्यात्मिक ज्ञान लाभ गर्न सक्षम भइन्। त्यही उपासिकाको प्रेरणा लिई अन्य भिक्षुहरूले पनि ज्ञान लाभ गर्न सकेको घटना नै छ।

वर्षावास पछि बुद्ध दर्शन गर्न जानेबेला घनघोर वर्षाको कारणले भिक्षुहरूको चीवर भिजी उनीहरूलाई अति कष्ट झेल्न पर्‍यो। त्यसबेला भिक्षुहरू तीनवटा मात्र चीवर धारण गरिरहेका भएको कारणले पनि यस्तो कठिनाई सहन परेको कुरालाई महशूस गरी बुद्धले भिक्षुहरूलाई अतिरिक्त कथिन चीवर ग्रहण गर्न सक्ने नियम बनाइदिनु भयो।

तर पछि हुँदा हुँदै चीवर प्राप्त गर्ने लोभ चित्तको वसमा गएर पनि भिक्षुहरू वर्षावास बस्ने गर्न थाले। त्यसैले बुद्धले एउटा ठाउँबाट एउटा मात्र कथिन चीवर ग्रहण गर्न सकिने नियम बनाउनु भयो। यस्तो चीवर प्राप्त गर्नको लागि त्यस भिक्षु उक्त स्थानमा अखण्ड वर्षावास बसेको हुनुपर्छ। कथिन चीवर दान दिने बेला उक्त चीवर पहिला भिक्षु संघलाई दान दिइन्छ। त्यसपछि भिक्षु संघले चीवर प्राप्त गर्न योग्य भिक्षु छानी उक्त चीवर प्रदान गरिन्छ। यसरी कथिन चीवर दान कार्यले संघको महत्त्वलाई प्रष्ट्याईदिएको छ।

वर्षावास समाप्त हुने दिन भिक्षुहरूको परस्पर क्षमाप्रार्थना गर्ने चलन रहेको छ। यसलाई पवारणा पनि भनिन्छ। वर्षावास शुभारम्भ गर्ने दिन र समाप्त हुने दिन आत्मालोचना गर्ने नियम छ। यसलाई आपत्ति देशना पनि भनिन्छ।

यसरी बुद्ध शासनको अभिन्न अंग बनिसकेको छ यो 'बर्षावास र कथिन चीवर दान।"

Downloaded from http://www.dhamma.digital

# धम्मपद–१६४

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**साहु दस्सनमरियानं-सन्निवासो सदा सुखो ।**
**अदस्सनेन बालानं-निच्चमेव सुखी सिया ।**

अर्थ- सत्पुरुष आर्यजनको दर्शन गर्नु तथा त्यसको संगत गर्नु असल छ, सुखकर छ । मूर्खजनको दर्शन नगर्नाले नै सदा सुखी हुन्छ ।

**बालसंगतचारी हि दीघमद्धान सोचति**
**दुक्खो बालेहि संवासो अमित्तेनेव सब्बदा**
**धीरोच सुख संवासो ञातीनंव समागमो ।**

अर्थ- मूर्खहरूको संगत गर्नेलाई दीर्घकालसम्म शोक हुन्छ, मूर्खसंग संगत गर्नु शत्रुसँग संगत गर्नु जस्तै सँधै दु:खदायी हुन्छ । धीरवान विद्धानसँग संगत गर्नु बन्धु वा असल नातेदारसँग संगत गर्नु जस्तै सुखदायी हुन्छ ।

**तस्माहि !**
**धीरञ्च पञ्ञञ्च बहुस्सुतञ्च**
**धोरेय्हसीलं वतवन्तमरियं**
**तं तादिसं सप्पुरिसं सुमेधं**
**भजेथ नक्खत्तपथंव चन्दिमा**

अर्थ- अत: धीर, प्रज्ञावान, बहुश्रुत, उद्योगी, शीलवान, व्रतसम्पन्न आर्य तथा शुद्ध बुद्ध सत्पुरुषको संगत गर्नु जसरी कि चन्द्रमाले नक्षत्र पथको अनुगमन गर्छ ।

घटना- उपरोक्त गाथाहरू भगवान बुद्धले शक्र देवराज इन्द्रको कारणमा भन्नु भएको थियो ।

भगवान बुद्ध परिनिर्वाण हुने निश्चित भई सकेपछि त्यतिखेर बुद्धलाई झाडा पखालाको रोग लागेको थियो । बुद्ध बिरामी पर्नु भएको थाहा पाएर देवराज शक्र बुद्धको सेवा गर्न उपस्थित भए । बुद्धले उनलाई भन्नुभयो– "मानव शरीरको गन्ध तिमीलाई सहन हुने छैन । मलाई सेवा गर्ने भिक्षुहरू प्रशस्त छन् । अत: तिमी फर्क ।" इन्द्रले भने– "कोसौं टाढादेखि तथागतको शील सुगन्धको बास सुँघेर म आएको छु । म एक्लैले तथागतको सेवा गर्नेछु ।"

यसरी भनी इन्द्रले तथागत बिरामी परेको अवधिभर सेवा गरे । बुद्धको शरीरबाट निस्केको मलमूत्र जम्मा गरेको भाँडो टाउकोमा बोकी फाल्न लग्थ्यो । त्यसो गर्दा गन्धले नाक थुन्ने र मुख बिगार्ने केही गर्दैनथ्यो । अनुहार प्रसन्न हुन्थ्यो । यसरी सेवा गर्दै तथागत स्वस्थ भएपछि मात्रै फर्के ।

यो जम्मै हेरेर बसेका भिक्षुरूले "देवराज इन्द्रले तथागतलाई साँच्चै श्रद्धा गर्दो रहेछ । देवलोकको सुख त्यागीकन बुद्धको मलमूत्र सफा गरेर प्रसन्न भएर गए" भन्दै इन्द्रको प्रसंसा गरीरहे । यो कुराकानी सुनेर बुद्धले भिक्षुहरूलाई भन्नुभयो– "देवराज इन्द्रले मेरो सेवा गरेको कुनै अनौठो छैन । एकतालि यी देवराज आफ्नो आयु सकेर भयभीत भएर इन्द्रशाल गुफामा आउँदा त्यसलाई धर्मदेशना गरें । धर्मदेशना सुन्दा सुन्दै उनीमा धर्म अवबोध भयो र चित्त प्रसन्न भयो । यसप्रकारले मैले त्यसको उपकार गरें । हे भिक्षुरू ! आर्यजनको दर्शन गर्नु पनि सुखकर छ । आर्यजनसँग एकै ठाउँमा बस्न पाउनु पनि सुखकर छ । बालमूर्खजनसँग संगत गर्नाले जहाँपनि दु:खै दु:ख हुन्छ ।" यसरी आज्ञा भएर गौतम बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

**बनेपा बाल आश्रमयात गुहाली**

**बनेपा मैत्री केन्द्र बाल आश्रम ध्यानकुटीयात गुहाली बियादीपिं थिथि दु:**

१. स्व. पूर्णचन्द्र शाक्यया पुण्यस्मृतिस
जुजुकाजी शाक्य, बनेपा - २,५००/-
२. धर्मवीर शाक्य, जमल, काठमाडौं - ५,००/-
३. लक्ष्मीकुमारी चित्रकार, ताहाचल - १,०००/-
४. स्व. पुत्रया पुण्यस्मृतिस तीर्थदेव मानन्धर रु. २००/-
पुण्यलक्ष्मी तुलाधर, असनपाखें - वस्त्र दान ।

# शाक्यमुनी बुद्ध-२

✒ भिक्षु धम्माउध, बर्मी

पछि मोरिय देशमा सत्रुहरूले दु:ख दिएको कारणले देश बिग्रिदै गयो । राजालाई पनि मारिदियो । अनि मोरिय राजाकी गर्भवती महारानी र केटीहरू सहित सबै भागी पटनामा पुगे । पटना पुगेपछि रानीले एक पुत्रलाई जन्म दिइन् । धेरै दु:ख आइपरेको बेलामा बच्चा जन्मिएको कारणले रानीले कष्ट झेल्नुपऱ्यो । बालकलाई लालन पालन सम्म पनि गर्न असमर्थ भएकोले त्यस बालकलाई माटोको नयाँ भाँडोमा राखी गाईले कुल्चाई मार्नका लागि गोठ बाहिर फाल्न लगे । तर घोषक कुमारलाई देवता र आफ्नो कर्मले साथ दिए जस्तै त्यस बालकलाई पनि चन्द्र नाम गरेको गाईले अरु गाईहरू बाहिर आउनु भन्दा अगाडि आफु बाहिर आई राम्ररी आरक्षा गरी छोपि राख्यो । अनि गोठालाले यो दृश्य देखी त्यस बालकलाई प्रेमपूर्वक उठाई आफ्नो घरमा लगी पालि राख्यो । चन्द्र नाम गरेको गाईले आरक्षा गरिराखेको बालक भएको कारणले त्यस बालकको नाम नै चन्द्र गुप्त रहन गयो ।

यही चन्द्र गुप्त पछि पाटलिपुत्रका राजा भए । यस राजाका छोरा बिन्दुसार थियो । बिन्दुसारका छोरा अशोक राजा थिए । आजभोली पाटलिपुत्र देशलाई पटना भनिन्छ । हाल यसस्थान भारत देशको बिहार राज्यको राजधानी पटना नामले प्रसिद्ध रहेको छ । यसरी शाक्यहरू यता उता छरी जता ततै देश बनाई बास गरिरहेका छन् । हालसम्म पनि नेपालमा शाक्य देशहरू बाँकी रहेका छन् । उनीहरूको नाम लेख्ने बेला आफ्नो नाम सँगै शाक्य भनी थर लेख्ने चलन छ । म नेपालको काठमाडौं शहरमा २२ महिना रहँदा शाक्यवंशीहरू संगै बसेर आएको थिएँ । शाक्यहरूले बोल्ने भाषा र बर्मी भाषाका थुप्रै शब्दहरू मिल्दा जुल्दा देखिन्छन् । उदाहरणको लागि बर्मी भाषामा बोलिने "मि" (आगो) शब्दलाई शाक्यहरूले पनि "मि" नै भन्ने गर्छन् । न्हाय् (नाक) न्हाय्पं (कान) र मिखा (आँखा) आदि शब्द पनि हाम्रो बर्मी भाषा संग मिल्दो जुल्दो छ । यसरी नै पूरा नै मिल्ने र अलिअलि मात्र फरक रहेका शब्दहरू पनि थुप्रै देखें । नेवार जातीहरूको अनुहार पनि बर्मीहरूसंग मिल्दो जुल्दो नै देखिन्छ । यी भए नेपालका शाक्यहरूको तस्बिर ।

हाम्रो बर्मा देशका मानिसहरूले भने आफूलाई शाक्य भन्न बिर्सेर बर्मीमात्र भन्नथाले । वास्तवमा भन्ने हो भने करीब ३० बर्ष अघि हाम्रो राष्ट्रिय गानमा हामी धगाउँ अभिराजा भनिने शाक्य राजाका सन्तान हौं भनी उल्लेख गरिएको पाइन्छ ।

सिद्धार्थ कुमारको जाती र देश विषयमा कुरा बुझियो होइन ?

अब सिद्धार्थको जन्म र परिवार विषयमा एकपटक अध्ययन गरौं । उहाँ जन्मनु भएको स्थान त लुम्बिनी उद्यान हो । उहाँको राजधानी कपिलवस्तु हो । कपिलवस्तुबाट लुम्बिनी ३ योजन मात्र टाढा पर्दछ । सिद्धार्थ कुमारका पिता कपिलवस्तुमा राज्य गरिरहेका सुद्धोदन राजा हो । माता देवदहका महामाया देवी हुन् । सिद्धार्थका श्रीमती भद्दकञ्चना यशोधरा देवी हुन् । यशोधराले थुप्रै पुण्य कार्य गरी आएकी हुनाले उनी अरु भन्दा रुपलावण्यले परिपूर्ण देखिन्थिन् । सिद्धार्थको एक पुत्र थियो । उनको नाम राहुल कुमार थियो । बोधिसत्त्व सिद्धार्थ जन्म हुनु भएको दिनमा नै देवदहका राजा सुप्रबुद्धको अमिताभा भन्ने महारानीले आफ्नो कोखबाट भद्दकञ्चना यशोधरा पुत्रीलाई जन्म दिएकी थिइन् ।

सुद्धोदनका भाई अमित्तोदनको पनि एउटा पुत्र जन्म भयो । उनको नाम आनन्द रहन गयो । छन्दक सारथी, कालु दायी मन्त्री र कन्थक घोडा आदिको पनि त्यही दिन जन्म भएको थियो । त्यही दिन मध्यम देशमा बोधिवृक्ष पनि पलाएको थियो । (त्यतिमात्र होइन त्यस दिनमा) ४ वटा सुनका घडाहरू पनि उत्पन्न भएको थियो ।

सिद्धार्थ कुमार जातीको तर्फबाट शुद्ध क्षत्रीय हुनुहुन्छ । आदि काल देखि महासम्मत राजाबाट शुरु भई असम्भिन्न क्षत्रिय कुलमा उक्का मुख राजाको पालादेखि शाक्यवंश नामले प्रख्यात भयो ।

बुबाको कान्छी महारानीलाई दिइराखेको वचन पालन गर्न परेको कारणले बडा महारानीका छोराहरूलाई दरवारबाट निष्काशन गरियो । त्यसैले उनीहरू जंगलमा गई शाक भन्ने शाल वृक्ष मुनि राजदरवार बनाई बसोबास गरेको हुनाले उनीहरूलाई शाक्य भनियो । फेरि जातलाई नबिगारीकन आरक्षा



Downloaded from http://www.dhamma.digital

गरिरहेको कारणले पनि शाक्यलाई शक्तिवान्‌को अर्थमा लिई शाक्य भनिएको हो । यस विषयलाई थुप्रै व्यक्तिले बुझिसकेको हुनुपर्छ । नबुझेकाहरूले पनि यसलाई अध्ययन गर्न आवश्यक छ । तर यहाँ यस विषयलाई विश्लेषण गरिरहन आवश्यक देख्दिन ।

सिद्धार्थ कुमारलाई चाहिने जति सम्पत्ति सुख प्राप्त भइरहेको थियो । नामी-नामी शाक्य राजाहरू र ठूलाबडा इष्ट मित्रहरू पनि थुप्रै थिए । यी सबै सुख ऐश्वर्य वैभवलाई सिद्धार्थकुमारले त्याग गर्नुभयो । साधारण राजकुमारहरूले यसरी त्याग गर्न सम्भव छैन । संसारमा उत्पन्न भएका सबै नासवान् हुन् । सबै जीव र अजीव वस्तु त्याग गरेरै जानपर्ने हुन्छ । जति सुकै उपाय गरे पनि प्रयास गरेपनि यसलाई समातिराख्न सकिँदैन, स्थिर रहँदैन पनि । तर राम्रो मनले त्याग गर्न सक्नु नै बुद्धिमानीको चिन्ह हो । हाम्रो अगाडि जति पनि नाम र रुप वस्तुहरू छन्, तिनीहरू सबै नै परिवर्तन भएर गइरहेका छन् । कसैले पनि यस प्रक्रियालाई रोक्न सक्दैन । मन परेपनि नपरेपनि त्याग गरेरै जानु पर्ने हुन्छ । आफूले भने जस्तै केही पनि हुँदैन ।

सिद्धार्थकुमार प्रज्ञावान् र वीर पुरुष हुनु भएको फल स्वरूप उहाँले लोभ द्वेष र मोहलाई दमन गर्नुभई जीव र अजीव बस्तु सबै त्याग्नु भयो । त्यसैले उहाँले जसरी त्याग गर्नु भयो, त्यसलाई राम्रो त्याग भन्न सकिन्छ । हामीले पनि संसार त्याग गर्नुछ । संगै लिएर जान सकिने चीज कुनै छैन । त्यसैले हामी सबैले बाँचुञ्जेल राम्रो काम गरी त्याग भावना ल्याउन सिक्नु परेको छ । राम्ररी त्याग भावना ल्याउन प्रयास गर्नु परेको छ ।

कुनै पनि पदार्थ वा वस्तु आशा गर्नु, प्रेम गर्नु, माया गर्नुलाई लोभ तृष्णा भनिन्छ । कुनै पनि वस्तु, निमित्त वा, आरम्मणलाई देखी घृणा, द्वेष र दिक्क मान्नुलाई क्रोध भनिन्छ । कुनै पनि वस्तु वा कुरालाई ठीक तरिकाले, सत्यतानुसार बुझ्न नसक्ने प्रज्ञा नभएको अवस्थालाई मोह भनिन्छ ।

सिद्धार्थकुमारले दु:खको प्रमुख कारण भइरहेका यी ३ तत्त्वहरूलाई जरैदेखि उखेलेर फाल्नु भयो । लोभ, द्वेष मोह लाई बुद्धिमान व्यक्तिहरूले मात्र क्लेशको रुपमा चिन्न र बुझ्न सक्नेछन् । मूर्खहरूले भने यसरी बुझ्न सक्नेछैन । यसैको कारणले गर्दा नै थुप्रै मानिसहरूले विभिन्न दु:ख र पीरहरू खपिरहनु परेको हुन्छ । यस विषयमा हामीले राम्ररी जान्न र बुझ्नु परेको छ । लोभको कारणले के कस्ता दु:ख कष्ट भोग्नु पर्दो रहेछ भन्ने विषयमा मैले जाने बुझेका केही कुरा बताउन चाहन्छु सुन्नुहोस् ।"

उदाहरण दिएर भन्ने हो भने पानी बगिरहेको ढलमा कहिले सफा पानी त कहिले फोहर पानी बगिरहेको हुन्छ । त्यसरी नै हाम्रो मनमा बगिरहने चित्त पनि परम्परा विचार रुपी पानी जस्तै बगिरहेको छ । त्यसमा पनि कहिले स्वच्छ र राम्रो शुद्ध चित्त बगेको हुन्छ भने कहिले अशुद्ध धमीलो चित्त बगिरहेको हुन्छ । तर हामीलाई कहिले देखि हाम्रो मनमा राम्रो र नराम्रो लोभ, द्वेष चित्त बगिरहेको हो, यस विषयमा कसैले भन्न सक्दैन । सिमाना नै नभएको यस संसार उत्पन्न भए देखि नै बगिरहेको छ । हाम्रो मनमा अविद्या मोह रहेको कारणले नै यो लोभ र द्वेषको नदी बगिरहेको हो । अविद्या, मोह नभएको भए लोभ र द्वेष, जस्ता दु:खको कारण रुपी बगिरहेको नदीको धार पनि बन्द हुन्थ्यो होला । तर मोह र अज्ञानता हामी भित्र बोक्सी आए जस्तै आइरहेको कारणले हामीले आफू भित्रको लोभ र द्वेषलाई पत्ता लगाउन सकिरहेकै हुँदैन । यसले हाम्रो होश गुमाई भुलाई रहेको छ । जाँड रक्सीले लट्ठयाए जस्तै लट्ठयाइ दिएको छ । यही अविद्याको कारणले नै संस्कार बनिरहेको छ । यही कारणले गर्दा नै मानिसहरू संसार चक्रमा घुमिरहेका छन् । साधारण पृथकजन (मानिस) हरूलाई थाहा छैन कि संसार चक्रमा मानिसहरू किन अलमलिएर घुमिरहेका छन् भन्ने कुरो । अज्ञानीहरूले यो कुरा बुझ्न सक्दैनन्, कारण पत्ता लगाउन सक्दैनन् । बुद्धिजीवि अर्थात् प्रज्ञावान् व्यक्तिरूले मात्र पत्ता लगाउन सक्ने छन् ।

यो कुरा बुझाइदिनका लागि एउटा उपमा दिन चाहन्छु । एक स्थानमा सुनको घडा एउटा देखियो । सुनको घडा त राम्रो र अमूल्य वस्तु नै ठहरियो । त्यस सुनको घडा प्राप्त गर्नको लागि विस्तारै उत्पन्न हुने चित्त नै लोभ चित्त हो । यसरी सुनको घडाको कारणले लोभ चित्त उत्पन्न हुन थाल्छ । लोभ चित्त उत्पन्न हुने बेलाको रुप पहिलाको रुप कदापि हुँदैन । यस्तो अवस्थामा लोभको वसमा पुगी उत्पन्न भएको रुप हुन्छ । यसरी नै पुरानो नाम चित्त र रुप नास भई नयाँ चित्त र रुप उत्पन्न हुने गर्छ । यसरी सूक्ष्म नामरूप धर्मको उत्पत्ति र भंग हु'दो रहेछ त भन्ने विषयमा

थाहा पाइ राख्न राम्रो हुन्छ । उत्पन्न भएपछि विनाश पनि हुँदो रहेछ भन्ने कुरा थाहा पाइराख्नु पर्दछ ।

यसरी वस्तुको कारणले लोभ उत्पन्न हुने कुरा बताइ सकेपछि लोभको कारणले क्रोध उत्पन्न भएको विषयमा बताउन चाहन्छु ।

पहिला पहिला अबौद्ध ऋषि एउटा थिए । उक्त ऋषि ज्यादै धनी थिए । खेतबारी थुप्रो भएका उनीले जमिन्दारले जस्तै जीविका गरिरहेका थिए । उसले थुप्रै मानिसलाई खेती गराई दिनको दुईमाना मात्र धान ज्याला दिएर पठाउने गर्थ्यो । अरु धान सबै आफैले लिई मोज गरिरहेको थियो । यसरी शोषण गरी कमाइराखेको देखी कृषकहरू सबै एकजूट भई ऋषि समक्ष पुगी यसरी कराउन थाले–

"भो ऋषि ! तपाईंले अरुलाई नोकर बनाई थुप्रो धन थुपार्न ठीक छ ? अरुलाई दु:ख दिई खेतवारी थुपारी धन संगालिरहने व्यक्तिलाई, ऋषि भन्न मिल्दैन । हामीलाई खेत वितरण गरिदिनु ।" त्यही बेला मोटर ड्राइभरहरूले पनि तलब नपुगेको गुनासो पोख्दै हडताल गरे । यो कुरा थाहा पाई रिक्सावालाहरूले पनि एक सुका पैसा लिने ठाउँमा दुई रुपैयाँ ज्याला लिन थाले । यसरी परस्पर लोभ चित्त उत्पन्न भएको कारणले क्रोध प्रकट हुन थालियो । क्रोधको कारणले मानिसहरूको शान्त रुप नाश हुँदै उनीहरूको रुप डरलाग्दो र विरुप हुन थाल्यो । यसरी लोभ क्रोध उत्पन्न हुनुको कारण नै मोह र अज्ञानताले गर्दा हो । यसरी नै संसारमा लोभ क्रोध उत्पन्न हुनाको कारण विस्तारै बुझ्दै जानु पर्दछ ।

फेरि अर्को पनि एउटा उदाहरण दिन चाहन्छु । भनौं, राम्रो रुप देखियो । त्यस सुन्दर रुपलाई देख्ने वित्तिकै आहा ! कति राम्रो ! त्यो त मलाई प्राप्त भए कति मज्जा हुन्थ्यो भन्दै लोभ चित्त उत्पन्न गर्न थाल्छ । फेरि नराम्रो रुप देख्ने वित्तिकै रीस उठ्ने गर्छ-हेर्दै कुहिएको, अलक्षण अनुहार हेर्न पर्‍यो भन्दै क्रोध चित्त उत्पन्न हुन थाल्दछ । होश नभए सम्म लोभ द्वोष मात्र उत्पन्न हुने गर्छ । स्मृति सहितको चित्त उत्पन्न हुने बेला र होश पुगेमा मात्र राम्रो रुप देखेपनि लोभ चित्त उत्पन्न हुँदैन । यी सबै अनित्य, परिवर्तनशील हुन् भनी यथार्थ ज्ञान र प्रज्ञा उत्पन्न हुन थाल्छ । यसरी नै नराम्रो र मन नपर्ने रुप देखेपनि क्रोध उत्पन्न हुने छैन । स्थिर होइन भन्ने कुरो राम्ररी थाहा पाइएन भने लोभ, क्रोधको पछाडि अज्ञान र सत्यतालाई थाहा पाउन नसक्ने मोह उत्पन्न हुन थाल्छ ।

लोभ र द्वेष भनेको बाहिरी रुप देखेर मात्र उत्पन्न हुने होइन । आफ्नो शरीरको हात खुट्टा आदि अंगहरूलाई देखेर पनि राम्रो भए कति राम्रो भन्दै रमाउन थाल्दछ । आफ्नो शरीर देखी आफै आशक्त हुन थाल्छ । अनि त्यहिं लोभ र मान उत्पन्न हुन थाल्छ । आफ्नो शरीरको रुप नराम्रो भएमा दु:ख उत्पन्न हुन थाल्छ र छटपटाउँदै पीर मान्दै यसरी कराउन थाल्छ "के गर्नु, मेरो अनुहार नै राम्रो छैन, नाक पनि छैन छ्याकटे अनुहार छ आदि आदि " । (यसरी आफ्नो रुप हेर्दै) रिसाउने गर्छ । आफ्नो शरीर देखी लोभ, मान र क्रोध उत्पन्न गरिरहनु नै यसरी शरीरको अनित्य स्वभावलाई राम्ररी नबुझी ज्ञान नभएको कारणले गर्दा हो । प्रज्ञा ज्ञान नभई मोहको वशमा परेको कारणले गर्दा हो ।

मोहको कारणले रुप (संस्कार) उत्पन्न भयो । संस्कारले गर्दा (अकुशल पाप चेतनाले गर्दा) विज्ञान (राम्रो नराम्रो छुट्टाउने) उत्पन्न हुन्छ । यसरी नै संसार चक्रमा घुमिरहेको हुन्छ । यसलाई जन्म चक्र पनि भनिन्छ । यसलाई प्रतित्य समुत्पाद पनि भनिन्छ । उदाहरणको लागि बीउ भएकोले बिरुवा पलाई फल फल्न थाल्छ । कारण भएकोले फल फल्यो । यसरी नै कारण भएकोले जन्म भयो । जन्मको साथसाथै बुढा हुनु, रोगी हुनु र मर्नुपर्ने आदि कारणहरू पनि साथ लागेर आउने गर्छ । जन्मको कारणले गर्दा बुढा बुढी हुनु, बिरामी पर्नु र मर्नुपर्ने आदि यी तीनवटा दु:खले कसैलाई भेदभाव नगरी सबैलाई समान भाव राखी भोग गराउँदछ । धनी र धर्मात्मा, पापी र गरीब भनी कसैलाई पनि दया माया गर्दैन । कोही पनि यसबाट बच्न सक्दैन । सबैजना बुढा बुढी भएर एक दिन मर्नै पर्दो रहेछ भन्ने कुरा थाहा पाउनु भएकोले नै सिद्धार्थ कुमारले मेरो, राम्रो भनी च्यापिराखेको धन सम्पत्ति सहित आफ्नी प्यारी श्रीमती, पुत्र र आमा बुबा सबैलाई त्याग्नु भई जनहीत हुने ज्ञान प्राप्त गर्नु भयो । त्याग भावना आवश्यक रहेको सन्देश सबैलाई बताउनु भयो । (यसो भन्दैमा उहाँले) आफ्नी श्रीमती, छोरा छोरी सबैलाई त्याग्नु पर्छ भन्नु भएको होइन । जनहित कार्य गर्ने समयमा श्रीमती, र छोरा छोरीको मायामा टाँसी आशक्तिवस (मोहमा) भुलिरहन हुन्न भन्ने सिद्धार्थको विचार हो ।


Downloaded from http://www.dhamma.digital

सिद्धार्थ कुमारले राज्य त्याग गरी जानु भएको प्रमुख कारण नै दु:ख कहाँबाट आयो, दु:खको कारण के हो भन्ने कुरा पत्ता लगाउनको लागि हो । जन्मले गरेर नै धर्म उत्पन्न भयो । कर्म भनेको चेतनालाई भनिन्छ । लोभ द्वेष र मोहको चेतनाले रोपेको कर्म राम्रो हुँदैन । तृष्णा चित्तले रोपेको कर्म राम्रो हुँदैन । फलस्वरूप त्यसले दु:ख पैदा गराउँदछ । दु:खको कारण जति भएपनि सन्तुष्टि नमिल्ने तृष्णा भाव नै हो । लोभ, क्रोध र मोह भएसम्म कर्म अवश्य बन्नेछ । कर्म रहुञ्जेल जन्म पनि अवश्य हुनेछ । जन्म भएपछि दु:ख (संघर्ष) अवश्य हुनेछ भनी सिद्धार्थले बुझ्नु भयो । दु:ख (संघर्ष) को मुख्य कारण तृष्णा (शोषण) हो भन्ने कुरा पत्ता लगाउनु भई तृष्णालाई जरा देखि नै उखेलेर फाल्नका लागि सिद्धार्थ कुमारले आषाढ पूर्णिमाको दिन सोमबार राती कंथक घोडा चढी गृहत्याग गर्नुभयो । अनोमा नदी पार गर्नु भई सारथी छन्दकलाई प्रश्न गर्नुभयो–

"कुन नदी हो यो ?"

छन्दक– "यो अनोमा नदी हो ।"

सिद्धार्थ– "छन्दक । त्यसो भए मेरो प्रव्रज्या यही नदी पारी नै हुनेछ । आफ्नो राज आभूषण (राज्य पोशाक, गहना) छन्दकलाई दिई आफ्नो तरबारले केश काटी घटीकार ब्रह्माले दिन ल्याएको कमलको फूलको चीवर लगाउनु भई काशी देशको वस्त्र फुकाल्नु भयो ।

आफु पनि नफर्किने, राजकुमार (सिद्धार्थ) संग नै बसी जीवन विताउने भनी विलाप गरिरहेका (सारथी) छन्दकलाई सिद्धार्थ कुमारले भन्नु भयो–

"छन्दक" यस अवस्थामा अहिले तिमी मसंग बस्न मिल्दैन ।

दरबारमा मेरा आमा बुबा र यशोधरा देवी रोइरहेका होलान् । तिमी यहाँबाट छिटो फर्केर उनीहरूलाई मेरो हालखबर बताई सम्झाई बुझाई सन्तोष पार्नु ।"

छन्दकले (सिद्धार्थ कुमारको आज्ञा पालन गरी) जूवामा हारेको व्यक्ति जस्तै लुरुक्क परी कन्थक घोडा समाती कपिलवस्तु तर्फ फर्के । तर कन्थक घोडाले आफ्नो मालिक (सिद्धार्थ) संगको विछोड खप्न नसकी अनोमा नदीको किनारमा नै प्राण त्याग गरे ।

यसरी छन्दकको शोकलाई कन्थक घोडाले प्राण त्याग गरेको घटनाले बलिरहेको आगोमा घ्यू थप्ने काम गर्‍यो । गहभरि आँसु बोकी छन्दक राजदरवार पुगे । दरवारमा राजा सुद्धोदन, प्रजापति गौतमी र यशोधरा देवी आदि सबैले विलाप गर्दै शोकमा डुबिरहेका थिए । सिद्धार्थ कुमार प्रव्रजित हुनु भएको समाचारले दरबारमा केही मात्रामा शान्तिको वातावरण छायो ।

प्रव्रज्या भइसकेपछि सिद्धार्थ कुमार नजिकैको अनुप्रिय नाम गरिएको आँपको बगैंचामा जानुभयो । त्यस जंगलमा थुप्रै भरखर भरखरका युवा युवतीहरू र बुढा बुढीहरू ऋषि ऋषिनीको भेषमा रही बास गरिरहेका थिए । ऋषिनीहरू आ-आफ्ना काममा लागिरहेका थिए । कसैले रुख चढी फल टिपीरहेका थिए । तिनीहरू मध्ये कसैले सिद्धार्थ कुमार देख्ने वित्तिकै स्वागत गर्दै भने– "भो ऋषि । तपाईं कहाँबाट आउनु भएको ? यहाँ कति कामले आउनु भएको होला ?"

सिद्धार्थ कुमार– "म एक राजकुमार हुँ । मलाई केही कुराको पनि दु:ख थिएन । तर दरवारीया जीवन मलाई मन परेन । त्यहाँ आध्यात्मिक शान्ति छैन । अभिमान, ठूला साना बीच भेदभाव देखेरै वाक्क लाग्यो । जति सुख प्राप्त भए पनि पुग्दैन । मनमा दु:खले नै सताउने गर्छ । थुप्रै मानिसहरू यसरी नै दु:खी भइरहेको देखें । उनीहरूको जीवन सुखमय तुल्याउने उपाय र दु:खको कारण पत्ता लगाउने ज्ञानको खोजी गर्नका लागि राजदरबार मात्र होइन आमा बुबा र श्रीमती छोरालाई समेत त्यागी आएँ ।

ऋषि ऋषिनीहरूले सिद्धार्थ कुरमालाई श्रद्धा भक्ति दर्साउँदै भन्न थाले– "भो ऋषि ! तपाईंलाई हामीहरूकहाँ स्वागत छ । यहाँ शान्त र रमाइलो आँपको बगैंचा छ । यही जंगलमा बसोबास गर्नुस् । यहाँ तपाईंको इच्छानुसार ज्ञान लाभ गर्नको लागि ध्यान गर्नुहोस् । तपाईंलाई यहाँ कुनै कुराको पनि तकलिफ हुनेछैन । हामीले तपाईंलाई चाहिने जति सेवा गर्नेछौं ।

सिद्धार्थ कुमारले उनीहरूको अनुरोध (विन्ति) लाई स्वीकार गर्नुभई त्यहीं बसोबास गर्नुभई उनीहरूले गरिरहेको ध्यान भावनाको अभ्यास गर्न थाल्नु भयो ।

क्रमश:... ...

# नामले अलच्छिना कि कामले अलच्छिना

भिक्षु संघरक्षित संघाराम "सद्धम्म कोविद"

एक समयमा बोधिसत्त्व धनाढ्य सेठको रुपमा जन्मे। उसका बालकदेखिका एकजना साथी थियो। उसको नाम कालकण्णि हो, जसको अर्थ हुन्छ अलच्छिना।

समय बित्दै गयो। बोधिसत्त्वलाई त राम्रै भयो तर उसको साथी कालकण्णि भने विस्तारै गरीब हुँदै गयो। हुँदा हुँदै खान-लाउनमा पनि धौधौ पर्न थाल्यो। सार्है दु:ख भयो।

यस्तो दु:खद समयमा बोधिसत्त्वले आफ्नो साथीको सहायता गरे। आफूले सक्दोरूपमा पालन-पोषण पनि गरे। तर यो कुरा बोधिसत्त्वका परिवारलाई मन परेनन्। उनीहरू कालकण्णिलाई घृणा गर्दथ्यो। घरमा आउँदा पनि हेपेर कुरा गर्थ्यो। तिरस्कारको दृष्टिले हेर्दथे।

उनीहरूले बोधिसत्त्वलाई बरोबर सम्झाउँथे, कालकण्णिलाई छोडिदिनु। एकपल्ट त बोधिसत्त्वका अरु साथीहरूले पनि सम्झाए- हेर साथी, त्यो अलच्छिन दरिद्रको संगत गरेर के हुन्छ? उसलाई किन घरमा आउन दिन्छौ? आखिर उसले तिमीलाई के नै दिन सक्छ र?"

बोधिसत्त्व भन्छन्- "हेर साथीहरू, नाममात्र अलच्छिन भएर के भयो र? पण्डितहरू नामको पछाडि दौडिदैनन्। कालकण्णि मेरो बच्चादेखिको साथी हो। उसलाई दु:ख परेको बेला म छोड्न सक्तिनं।"

एक दिनको कुरा हो। बोधिसत्त्व आफ्ना परिवार हरू सहित गाउँमा जानुपर्ने भयो। घरमा कुरुवा बसिदिने समेत कोही भएन। यस्तो समयमा बोधिसत्त्वले आफ्नो साथी कालकण्णिलाई घरमा राखे। यो कुरा अरूलाई चित्त नबुझे पनि केही भन्न सकेनन्। उनीहरू सबै गाउँमा गए।

सेंठ लगायत सारा परिवार गाउँमा गएको कुरा चोरहरूले पनि थाहा पाए। उनीहरू सेंठको घरमा चोर्न धेरै समय अघिदेखि मौकाको ताकमा थिए। आज बल्ल त्यो मौका पायो। सबै चोरहरू जम्मा भए। भित्ता, बाकस आदि फोर्न सामानहरू पनि बोके। अनि त्यही राती सेंठको घरको चारैतिर घेरा हालेर बस्न थाले।

बाहिर चोरहरू आएको कुरा कालकण्णिले पनि सुईंको पाइहाल्यो। अब भएन फसाद! के गर्ने? कसो गर्ने? घरमा आफू बाहेक कोही छैन। चोरहरूसँग लड्न पनि त सकिन्न। ऊ के गर्ने के नगर्ने भनी सोचिरह्यो। उता चोरहरू बिस्तारै-बिस्तारै अघि बढिरहेका थिए।

आखिरमा कालकण्णिले एउटा उपाय निकाल्यो। ऊ घरभरि होहल्ला गरेर ठूल्ठूलो स्वरमा धेरै मान्छेहरू भएको जस्तै कराउन थाल्यो। घरभरि पनि बत्ति बाल्यो। ठूल्ठूलो स्वमार करायो- 'ल, ल! अब ढिलो भयो। कसैले बाजा बजाऊ, कसैले शंख फुक, कोही नाच, कोही तालि बजाऊ।"

ऊ आफैं छिटो छिटो बाजाहरू बजाउँथ्यो, शंख फुक्थ्यो, तालि बजाउंथ्यो अनि विभिन्न स्वरमा हल्लाखल्ला गर्दथ्यो।

सेंठको घरमा आएको आवाज सुनेर चोरहरू तर्सिए। "अहो! सेंठ र उनका सबै परिवार बाहिर गएको खबर त झुठो पो रहेछ। यहाँ त सबै छन्। भागौं छिटो ज्यान बचाएर।" यस्तो भन्दै चोरहरू सामान त्यहीं-त्यहीं छोडेर यताउता भाग्न थाले।

भोलिपल्ट मान्छेहरूले घर वरिपरि सामानहरू देखेर के भयो? भनी सोध्न थाले। कालकण्णिले राति भएको सबै कुरा सुनायो। सबैले उसको प्रशंसा गऱ्यो।

केही समयपछि बोधिसत्त्व सेंठ पनि परिवारहरू सहित घर फर्के। त्यहाँ भएको सबै कुरा मान्छेहरूबाट थाहा पाएपछि आफ्नो साथीको ठूलो प्रशंसा गरे र आफ्नो धनसम्पत्ति जुक्ति द्वारा बचाएकोमा आभार प्रकट गरे।

कालकण्णिको त्यो कामले घरका सबै मान्छेहरू पनि खुशी भए। पछि देखि ऊ घरमा आउंदा घृणा गर्ने, हेपेर कुरा गर्ने काम भएन। बरू आदर-सम्मानको दृष्टिले व्यवहार गर्न थाल्यो। यसरी ती दुई साथीहरू पछिसम्म यसरी नै मिलेर आनन्दसँग जीवन बिताए। ■



Downloaded from http://www.dhamma.digital

# बौद्ध परियत्ति शिक्षा

✍ राजेश देसार
चापागाउ-१, ललितपुर

**परिचयः**

बौद्ध परियत्ति शिक्षालाई बुद्ध शिक्षाको रुपमा पनि लिन सक्छौ । भगवान बुद्धले आफ्नो जीवनकालमा कठोर परिश्रम गरेर विभिन्न प्रयोग र अभ्यास पश्चात आफूले बोधगर्नु भएको बहुमूल्य ज्ञानलाई बहुजन हित र बहुजन सुखको निम्ति लोकजनको कल्याणको निम्ति गाउँ-गाउँ, नगर-नगर जानुभई दिनु भएको उपदेश र अन्य उहाँका श्रावकहरूले देशना गर्नुभएको उपदेशहरू समाज सुधारमा, अकुशल, कार्य कम गर्दै लग्न, पुण्य कार्यमा अग्रसर हुन, नैतिक र मानसिक रुपमा एक सक्षम र सबल व्यक्ति बन्न र सहिमार्गमा लाग्न यो बौद्ध परियत्ति शिक्षाले ठूलो भूमिका खेलिरहेको हुन्छ । यस्तो महत्वपूर्ण शिक्षालाई आज हाम्रो देशका विभिन्न स्थानहरूमा अध्ययन र अध्यापन कार्य सुचारूरूपमा चलिरहेकै छ । यो बुद्ध शिक्षाको अध्ययन अध्यापनलाई नै बौद्ध परियत्ति शिक्षा भनिन्छ । जुन बुद्ध शासनको तीनवटा हाङ्गाहरू मध्ये एक हुन् । बुद्ध शासनका तीन भागहरू निम्न प्रकार छन् ।

**(क) परियत्ति (ख) पतिपत्ति (ग) पतिवेध**

**(क) परियत्तिः** गौतम बुद्धले बोध गर्नु भएको अमूल्य ज्ञान, अध्ययन गर्नु नै परियत्ति हो । जुन आज नेपालको विहारहरू र केही स्कूलहरूमा नेपाल बौद्ध परियत्ति शिक्षा को रुपमा अध्ययन र अध्यापन निरन्तर रुपमा अगाडी बढीरहेको छ ।

**(ख) पतिपत्तिः** परियत्तिमा जुन त्रिपिटकको अध्ययन गरीन्छ र अध्ययन पछी प्राप्त भएको ज्ञानलाई आफ्नो व्यवहारमा उतार्नु, दैनिक व्यवहारमा प्रयोगमा ल्याउनु वा अभ्यास गर्नु नै पतिपति हो । धर्माचरण गर्नु नै प्रतिपत्ति हो ।

**(ग) पतिवेधः** आफूले सिकेको र बुझेको ज्ञानलाई दैनिक व्यवहारमा प्रयोग गर्नु (अभ्यास गर्नु) पर्दछ । उक्त प्रयोग पश्चात प्राप्त भएको फललाई नै प्रतिवेध भनिन्छ । यी तीन कुराहरूको बिचमा गहिरो सम्बन्ध रहेको छ ।

यसकुरालाई एउटा उपमाबाट बुझ्ने प्रयास गरौं । कुनै एकजना साहु महाजनले अपरिचित स्थानमा धनको घैंटो गाडेर गएको रहेछ तर त्यो कुरा कसैलाई भन्न नपाउँदै उनको मृत्यु भएछ र केही वर्ष पछि उक्त महाजनको घरमा एउटा ताम्रपत्र फेला पर्‍यो । उक्त ताम्रपत्रमा महाजनले आफूले धन गाडेको स्थान मात्र उल्लेख गरेको रहेछ । उक्त ताम्रपत्रको आधारमा खोजी कार्य गर्न खन्ने कार्य सुरुभयो । साँचिकै ताम्रपत्रमा उल्लेख गरेको बमोजीम धन प्राप्त भयो ।

यस ताम्रपत्रबाट पाएको जानकारी शिक्षा परियत्ति हो । उक्त ज्ञान अनुसार खोजन गरेको खन्ने कार्य पतिपति हो भने उक्त प्रयासबाट प्राप्त भएको धन पतिवेध हो ।

**इतिहासः**

बुद्ध, धर्म र बौद्ध संस्कृति सम्बन्धीज्ञान दिई, विद्यार्थीहरूको चरित्र निर्माण गरेर नैतिकताको विकास गर्ने र मानसिक रुपमा सक्षम एवं सबल बनाई वहुजनको लाभको निम्ति र बुद्धले दिनुभएको जीवन उपयोगी, बहुमूल्य शिक्षाको प्रचार-प्रसार गरी बहुजन हितको निम्ती २०१९ सालमा श्रेद्धय भिक्षु बुद्धघोष महास्थविर र श्री धर्मरत्न शाक्य "त्रिशूली" को सक्रियतामा अनौपचारिक रुपमा बौद्ध परियति शिक्षा त्रिशुलीको सुगतपुर विहार बाट सुभारम्भ भयो भने औपचारीक रूपमा वि.सं. २०२० सालमा अखिल नेपाल भिक्षु महासंघद्वारा यसै संघका अध्यक्ष स्व. श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविरको ६४ औं जन्मदिनको अवसरमा बु.सं. २५०७ वि.सं. २०२० साल बैशाख पूर्णिमाको पावन दिन देखि जम्मा ८ वटा केन्द्रहरूका ८:४५ बजेको शुभघडी देखि यस नेपाल बौद्ध परियत्ति शिक्षा अध्यापन कार्य शुभारम्भ भएको थियो । शुभारम्भमा कक्षा ५ सम्मको पाठ्यक्रम

तयार गरी बौद्ध परियत्ति शिक्षाका कक्षाहरू सञ्चालन गरिएको थियो । सबै प्रथम सुगतपुर विहार त्रिशुलीबाट कक्षा ५ सम्म उर्तीण गर्ने ३ जना भए । उहाँहरू अनगारीका सुशीला, श्री धर्मरत्न शाक्य "त्रिशुली" र श्री छत्रराज शाक्य हुनु हुन्थ्यो । बौद्धपरियत्ति शिक्षा औपचारीक रुपमा सञ्चालन भए पश्चात पहिलो वर्षको परिक्षा २०२० आश्विन २८ गते देखि सञ्चालन भएको थियो । उक्त परिक्षामा जम्मा ८ वटा केन्द्रबाट जम्मा १५८ जना विद्यार्थीहरूले कक्षा १ देखि कक्षा ४ सम्मका कक्षाहरूमा परिक्षादिई उतीर्ण भएका थिए । सुरु-सुरुमा परियत्ति शिक्षाको परिक्षाफल गोरखापत्र र The Rising Nepal मा पनि प्रकाशित हुने गर्थ्यो ।

सुरुको वर्षमानै कक्षा ५ सम्मको पाठ्यक्रम निर्माणगरी सञ्चालन भएको परियत्ति शिक्षा दोश्रो वर्षमा नै बु.सं. २५०८ । वि.सं. २०२१ सालमा आएर कक्षा ७ (सात) सम्म सञ्चालन भयो । यस तहलाई "परियत्ति सद्धम्मपालक उपाधि परिक्षा" नाम दिइयो पछि आएर परियत्ति सद्धम्म पालक उपाधि परिक्षा उर्तीण भएका विद्यार्थीहरूकै विशेष अनुरोधमा कक्षा १० सम्म अध्ययन गर्ने व्यवस्था भयो । उक्त कक्षालाई परियत्ति सद्धम्म पालक कोविद प्रथम वर्ष (कक्षा ८), परियत्ति सद्धम्म पालक कोविद द्वितिय वर्ष (कक्षा ९) र परियत्ति सद्धम्म पालक कोविद अन्तिम वर्ष (कक्षा १) नामाकरण गरी सञ्चालन भैरहेको छ । साथै समय समयमा पाठ्यक्रमहरू परिवर्तन र परिमार्जन पनि गर्दै लगिरहेको छ । त्यस्तै हाल केहि वर्ष यता आएर प्रधान केन्द्र सुमंगल विहारबाट मणिमण्डप महाविहार पटकोमा २०४६ सालमा सारिएको थियो । हाल विश्वशान्तिमा सारिएको छ ।

२०२० सालमा स्थापना भएको यस शिक्षाले विभिन्न आरोह, अवरोह पार गर्दै २०५९ साल सम्म निरन्तर रुपमा अगाडी बढीरहेकै छ । जुन गौरव गर्न योग्य कार्य मान्नु पर्दछ । करीव ३८-३९ वर्ष सम्म निरन्तरता दिनु भनेको त्यति सजीलो कार्य अवश्य हैन किनकी यो कार्यगर्न स्वयंसेवी भावनाले उत्प्रेरीत भई गर्नु पर्ने कार्य हो । स्वयमसेवी भावना भएका महानुभावहरूको सक्रियतामा नै आजसम्म परियत्ति शिक्षा निरन्तर रुपमा अगाडि बढीरहेको छ । विभिन्न समस्या, अवरोध, बाधाको बावजुद पनि यति लामो समय सम्म निरन्तरता दिई अगाडि बढी रहनु ठूलो कुरा हो । स्वयमसेवी भावनाले अभिप्रेरीत भएर अगाडी बढाउन परिश्रम गर्ने आफ्नो सेवा प्रदान गर्ने महानुभावहरूलाई हामीले कहिले पनि विर्सनु हुँदैन । उहाँहरूलाई हामीले सम्मान गर्न सक्नु पर्दछ ।

**हालको अवस्था:**

अखिल नेवाल भिक्षु महासंघद्वारा सञ्चालीत नेपाल बौद्ध परियत्ति शिक्षा निरन्तर अगाडी बढी रहेको छ तर पनि ३८-३९ वर्षको दौडानमा जति विस्तारीत हुनु पर्ने हो त्यति हुन सकिरहेको छैन । हाल पनी यो शिक्षा केवल उपत्यका भित्र सीमित रहेको भानहुन्छ । अझ यस्तो बहुमूल्य शिक्षा सीमित जातिमा मात्र सीमित रहनु बढी दु:ख लाग्दो कुरा बन्न पुगेको छ । हाल करीव १६-१७ वटा केन्द्रहरूमा मात्र यस शिक्षाको पठन पाठन कार्य हुँदै आइरहेको छ । यो आशा गरे अनुरुप राम्रो प्रगति त अवश्य हैन । तर पनि लामो समयसम्म निरन्तरता दिई राख्नु पनी ठूलो कुरा हो । यस शिक्षाले लामो आयु कतिपनि आशा गरे अनुरुप प्रगति गर्न नसक्नुको पछाडि विभिन्न कारणहरू लुकिएका छन् । जसमध्ये केही कारणहरू यस प्रकार छन् ।

१. व्यवस्थापनको कमजोरी
२. आर्थिक समस्या
३. भाषिक समस्या
४. पाठ्यपुस्तकहरू सुलभ रुपमा उपलब्ध नहुनु
५. सरकारी स्तरबाट मान्यता नपाउनु
६. अतिरीक्त कृयाकलापको कमि
७. सञ्चार माध्यमको कुप्रभाव
८. जनशक्तिको अभाव
९. परियति प्रधान केन्द्र र अरु केन्द्रहरू बिच समन्वयको कमी
१०. परम्परागत शिक्षण प्रकृया
११. सम्मान र मूल्याङ्कनको अभाव

यी विभिन्न समस्याहरूको कारण नै यो शिक्षा आशा गरे अनुरुप अगाडी बढ्न नसकिएको जस्तो


Downloaded from http://www.dhamma.digital

लाग्छ । त्यसै कारण यस्ता समस्याहरूलाई बेवास्ता गर्नै हुँदैन यस्ता समस्या बारे पनि समय समयमा छलफल गरी अगाडि बढ्न पर्छ । अनिमात्र सफलता पाइन्छ । सायद यस्तै समस्याका कारण विस्तारित गर्न नसकिएको हुँदा गत साल श्रेद्धय भिक्षु, अनगारीका, बौद्धविद्वान परियत्ति शिक्षाकेन्द्रका केन्द्राध्यक्षहरू शिक्षक शिक्षिका विच एउटा ठूलो गोष्ठी भएको थियो । जुन गोष्ठीबाट सुस्त अवस्थामा हिंडीरहेको परियत्ति शिक्षालाई तिव्रता दिन र प्रभावकारी रुपमा अगाडि बढाउन विभिन्न विषयमा वृहतरुपमा छलफल गरी विभिन्न समितिहरू गठन गरी कार्य विभाजन गरी अगाडि बढ्ने निर्णय गरिएको थियो । उक्त गोष्ठीमा गठित समितिहरूले आ-आफ्नो जिम्मा अनुरूप कार्यहरू तिव्रगतीमा अगाडि बढिरहेको छ । उक्त गोष्ठीमा तीन वटा समितिहरू गठन गरिएको थियो । जुन यस प्रकार छन् ।

(क) शिक्षक शिक्षिका समिति

(ख) पाठ्यक्रम विकास समिति (ग) व्यवस्थापन समिति

यी समितिहरूले परियत्ति शिक्षाका शिक्षक शिक्षिकाहरूलाई कसरी पढाउने भन्ने बारे तालीम प्रदान गरेको छ भने पाठ्यक्रमहरूमा परिमार्जन गरी छुट्टा छुट्टै रुपमा रहेको पुस्तकहरूलाई पत्र अनुसार एउटै पुस्तकमा गाभिएर प्रकाशन गर्ने काममा लागिरहनु भएको छ । जुन पुस्तक अर्को वर्ष देखि लागुगर्ने भएको छ । यस्तै क्रियाशील भएर व्यवस्थित रुपमा काम अगाडि बढाएमा अवश्यपनि यो शिक्षाले पनि विस्तारित रुप लिनेमा दुइमत हुनै सकिदैन । जे भएता पनि यो कार्यमा सफलता पाउन सबै पक्षको उत्तिकै ठूलो भूमिका खेलिरहेको हुन्छ । त्यसैकारण आपसमा मेलमिलाप, सहयोगको भावनाले अगाडी बढेमा अवश्य पनि सफलता मिल्दछ । अझ यो एउटा स्वयम्सेवी संगठन भएको कारण यसमा संलग्न व्यक्तित्वहरूको समय, परिश्रम, योगदानले ठूलो भूमिका खेलेको हुन्छ र हामीले उहाँहरूको सेवा परिश्रम र योगदानको कदर गर्दै समय समयमा सम्मान गर्ने पनि गर्नुपर्दछ । जसको कारण उक्त व्यक्तिको हौसला बढनुको साथै काम गर्ने जोश र जाँगर पनि बढ्थ्यो । यस शिक्षालाई विस्तारित गरी गाउँ-गाउँ नगर-नगर पुऱ्याई बहुजनसमुदायलाई लाभान्वित बनाउन स्वयमसेवकहरूको साथ साथै यस शिक्षाको विकासको निम्ती वा प्रचार प्रसारको निम्ती केही गर्छु भन्ने मनसाय भएका यसैमा लागेर केही गरौं भन्ने व्यक्तिहरूको पनि अत्यन्त आवश्यक पर्छ । स्वयम सेवकहरूले मात्र लामो समयसम्म निरन्तरता दिन कठिनाई हुन सक्छ । जे भए पनि सवैले आ-आफ्नो क्षेत्रमा आफ्नो जिम्मेवारी अनुरुप आफूले सकेको योगदान गर्न सकिएमा अवश्य पनि सफलता मिल्दछ । अव अन्तमा अखिल नेपाल भिक्षु महासंघद्वारा परियत्ति शिक्षा अध्ययन गर्ने विभिन्न शैक्षिक स्तरहरू निर्धारण गरिएको छ जुन नयाँ विद्यार्थीहरू र अरुलाई उपयोगी हुनसक्छ । अस्तु: ॥

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ४१२

लोकराज वज्राचार्य
भिन्छे बहा: ल:पु:
रु. १०१०/-

क्र.सं. ४१३

श्री द्रव्यमान सिं तुलाधर
लालदरवार, काठमाडौं
रु. १५००/-

**धर्मकीर्ति पत्रिकालाई चन्दा**

पूज्य दो गुणवती गुरुमाँको तर्फबाट धर्मकीर्ति पत्रिकाको लागि रु. ५,०००/- रकम चन्दा प्राप्त भएको छ । चन्दा दाता गुरुमाँ प्रति धर्मकीर्ति पत्रिकाले साधुवाद प्रकट गरेको छ ।

– धर्मकीर्ति पत्रिका

# पालिशब्द छोटो अध्ययन

✎ सुजनो भिक्खु, बैंकक
(भिक्षु सुजनकीर्ति)

**बुद्ध वचनं पालेतीति पालि (भासा)**

**बुद्ध वचनलाई रक्षा गरीराखेको भाषा पालि।**

पालि भाषालाई नचिन्ने बुद्धशासनामा विरलै पाइएला। विभिन्न बौद्धकार्यक्रम तथा विहान बेलुकी पाठपूजा देखी लिएर पञ्चशील अष्टशील आदि पनि पालि भाषावाट नै बौद्धहरू पाठ गर्ने गर्दछन्। यो पालि भाषाको बारेमा छोटो जानकारीलाई यहां प्रस्तुत गर्दैछु।

गौतम बुद्धको समयमा जम्बुद्वीपको मगध जनपदमा बोलिने एउटा राम्रो जन भाषा थियो। उक्त भाषालाई मागध वासीको मातृभाषा हुनुको कारण मागधी भाषा भनि लेखिएको विभिन्न पुस्तकहरूमा पढ्न र लेखेको हामी पाउँछौं। यो भाषा नै गौतम बुद्धले धर्मप्रचारको समयमा प्रयोग गर्नु भएको भाषा हो। समयको परिवर्तन सहित विभिन्न-वस्तुहरू वा संसारमा हेरफेर भईरहने क्रममा समयको फेरबदल संगै भाषा पनि फेरिंदै गए। एक अर्कामा पनि परिवर्तनको कारण एक गाउंबाट अर्को गाउं एक नगरबाट अर्को नगरका मानिस विचमा एक आपसमा भेटघाट हुंदा मनका इच्छा आकाक्षांलाई पोख्न गाह्रो हुंदै आयो र गयो। भाषाको फेरबदल हुंदैगए तर बु.सं. २५४३ साल अगाडि शाक्यमुनी बुद्धको समयमा उहाँले धर्मदेशना गर्नु भएको भाषामा परिवर्तन आएन। बुद्धधर्मका प्रेमीहरूले यस पालि भाषालाई संगालि राखे। विशेष त बौद्ध धर्मावलम्बीहरू विभिन्न देशका भएता पनि यदि एक आपसमा भेटघाट हुंदा यो पालि भाषाले एक आपसमा मनका ईच्छाहरू पोख्न ठूलो मद्दत पुगेको छ। ति देशहरू मध्येमा थाइलैण्ड, श्रीलंका, बर्मा, लावस, कम्बोडिया, भारत र नेपाललाई लिइन्छ। यी देशका भिक्षुहरू एकआपसमा भेटघाट हुंदा यो पालि भाषाले ठूलो मद्दत पुऱ्याएको छ। बुद्धधर्ममा पूजापाठको विषयमा माथी नै प्रष्ट्याई सकें विशेष त बुद्ध धर्ममा विनयकर्ममा सम्पूर्ण बौद्ध देशमा यहि एक भाषाको प्रयोग गरिन्छ। यहाँ सम्पूर्ण देशहरू भन्नाले थेरवादी बुद्धधर्म मान्ने देशहरूलाई लिइन्छ।

पालि शब्द स्त्रिलिंग हो। पालि भन्नाले बुद्धवचनहरूलाई संगालिराखेको पवित्र ग्रन्थ त्रिपिटक भन्ने बुझिन्छ। पालिलाई परियत्ति धर्ममा लिइन्छ। यो बुद्धशासनको आफ्नै मुख्य भाषा हो। यो पालि शब्दको रुपमा विग्रह यस्तो छ। पालि शब्द पाल धातुबाट आएको हो। यो पाल धातुमा णी पच्चय राखेपछि कत्तुरुप वा कात्तुसाधक हुन्छ। यहां पाल भन्नाले रक्षागर्नु, पालन पोषण गर्नु आदी भन्ने बुझिन्छ भने त्यसमा णी पच्चय राखे पछि पालि शब्द बन्दछ। यस पालीको अर्थ रक्षा गर्ने हो। यो भाषा बुद्धधर्मको थेरवादी निकायको आफ्नै एक गौरवताको कारण पालि भाषा भन्नाले बुद्धवचनलाई रक्षा गरेको भाषा वा रक्षा गर्ने भाषा हो।

बुद्धधर्मको इतिहासलाई पल्टाउने हो भने संगायना नै अगाडि आउँछ। जहाँ सम्म हामीलाई थाहा छ, पहिलो, दोस्रो, तेश्रो संगायना भारतका विभिन्न जनपदमा भए। जुन संगायनाहरूमा भगवान बुद्धले बोलिने भाषा मागधी भाषाको नै प्रयोग थियो। चौथो संगायना भारतमै सर्वास्तीवादीहरू संग मिलेर गरेका हुँदा संस्कृत भाषामा संगायना सम्पन्न भएको थियो। यसबाट के बुझिन्छ भने पहिलो संगायना देखी चौंठो संगायनासम्म मागधी र संस्कृत भाषाको प्रयोग देखियो तर पाली भाषा भन्ने शब्द भेटिएको हामी पाउँदैनौं। पालि शब्द नभेटेको सुन्दा तपाईहरू सायद अलमलमा पर्नु भयो होला। किनकि माथिको गाथामा त बुद्धवचनलाई रक्षा गर्ने भाषा भनि लेखिएको छ।

श्रीलंकामा भएको चौथौं संगायना पश्चात् थेरवाद बुद्धधर्ममा एक महान भिक्षुको उदय भयो। उहाँ हुनुहुन्छ भिक्षु बुद्धघोषाचार्य। भिक्षु बुद्धघोषाचार्यले बुद्धधर्ममा धेरै ग्रन्थहरूको रचना गरे। ति मध्येमा



Downloaded from http://www.dhamma.digital

ञाणोदय पनि एक हो । भनिन्छ कि उहां अट्ठकथाको रचना क्रममा त्रिपिटकको अभावको कारण श्रीलंकामा गएका थिए । त्यहाँ त्रिपिटक अध्ययन गर्नु अगाडि उहांको परिक्षा भएको थियो । उक्त परिक्षामा उहांले विशुद्धिमार्ग नामक ग्रन्थको रचना गरेका थिए । विशुद्धिमार्गको रचनापश्चात् त्रिपिटकको अध्ययन गरी अट्ठकथा पूर्ण गरेका थिए रे । अट्ठकथाको रचना संगै समन्तपासादिका नामक ग्रन्थ पनि रचना गरेका थिए । यो ग्रन्थ पनि मागधी भाषामा लेखिएको थियो । तर त्यस ग्रन्थको भाषालाई भिक्षु बुद्धघोषाचार्यले "पालेतीति पालि (भासा)" भनि प्रयोग गरेको हुंदा पालि भाषा भन्न थाले । यही पालि शब्द आजसम्म चलेको छ ।

त्यसपछि बु.सं.४३३ (४५०) मा श्रीलंकाको चौथो संगायना सम्पन्न भएको थियो । यो संगायना मतले जनपदमा राजा वट्टगामीनी अभयको संरक्षणमा भएको थियो । यस संगायनामा बुद्धवचनलाई मागधीभाषा नभनी पालि भाषा भनि यसै भाषाबाट उक्त संगायना सम्पन्न भएको थियो । त्यसै शब्दलाई आजसम्म थेरवादी बुद्धधर्ममा प्रयोग गर्दै आएको छ ।

भाषा मागधी भन्नाले त्यो ठाउँ जसलाई मगध भनिन्छ त्यहाँ बोलिने भाषालाई बुझिन्छ तर त्यसको नाम थिएन । भिक्षु बुद्धघोषाचार्यले यस्को नामाकरण पालि भनी गरे किनकी पाल भन्नाले रक्षा गर्नु र यो मागधी भाषा यस बुद्धशासनामा मात्र प्रयोग हुन्छ । मागधी भाषा र पालि भाषामा कुनै भिन्नता छैन । पालि र मागधी भाषाको अर्थ नै बुद्धवचनलाई रक्षा गर्ने भाषा भनी बुझिन्छ ।

बुद्ध शासनाको एक गौरवमय संकेत र गौरवको बस्तु नै पालि भाषा हो । ■

## *वनेमानि छ्न्हुया दिनय् प्यम्ह पासां क्वबीका:*

*✍ ज्ञानीदेवी महर्जन*

*हे पासा भाईपिं, दाजु तता क्यहेँपिं*
*वनेमानि छ्न्हुया दिनय् प्यम्ह पासां क्वबीका:*

*च्वनेमदु थ्व संसारे वनेमानि छ्न्हुया दिनय्*
*जहानपिंके बिदा कया: सकसितं तोता*
*वनेमानि छ्न्हुया दिनय् प्यम्ह पासा क्वबीका:*

*ख्वयमते हालेमते सकलें वनेमानि वहे लँपुं*
*गुलिं न्हापा गुलिं लिपा*
*वनेमानि छ्न्हुया दिनय् प्यम्ह पासां क्वबीका:*

*वनेबले यंकेगु छु दु ? धर्म छ्गू पाप छ्गू जक ख: ।*
*उकिं भीसं माया मोंह त्याग यायनु ।*
*सुयातं नगुले स्याक्क मधायनु*
*वनेमानि छ्न्हुया दिनय् प्यम्ह पासां क्वबीका:*

*सुयात छु जुई, सुयात गुगु जुई सुनां धाय्फु ?*
*मनू जुया: मनूयात हेला मयायनु*
*वनेमानि छ्न्हुया दिनय् प्यम्ह पासां क्वबीका:*

## गौतम ज्ञानी

मदन महर्जन
कमलाक्षी

सारा राजकाज छोडेर
आफ्नै सुखशैल बिर्सेर
सारा मानव जातिको कल्याण गर्ने
हौ तिमी गौतम ज्ञानी

तिमीलाई न भोक न प्यास
ज्ञान दियौ सवैका माझ
भगवानको नामले परिचित
हौ तिमी गौतम ज्ञानी

मानव धर्मको स्थापना गर्ने
मानवलाई ज्ञानी बनाउने
शान्तिको पाठ सिकाउने
हौ तिमी गौतम ज्ञानी

जन्मियौ तिमी लुम्बिनीमा
ज्ञान फैलायौ विश्वमा
एशियाको तारा तिमी
हौ तिमी गौतम ज्ञानी

# प्रणिधिपूर्ण महाविहार

✎ सुरेश नकर्मी
प्रणिधिपूर्ण महाविहार

धर्म प्रचारको क्रममा वि.सं. १९९४ सालमा पहिलो पटक भिक्षु कर्मशील (संघ महानायक प्रज्ञानन्द महास्थविर) यस बलम्बु गाउँमा आउनु भएको थियो। त्यसबेला कुनै विहार नभएकोले सतलको पाटीमा



हालको प्रणिधिपूर्ण महाविहार

धर्मलाई अझ प्रचार गर्न टेवा पुऱ्याउनु भएको थियो । त्यसपछि दिन हुँ जस्तो बुद्ध पूजा शील प्रार्थना र धर्मदेशना श्रा. चूलपन्थले नै गर्नु भयो । यसरी दुई तीन वर्ष सम्म निरन्तर रुपमा बुद्ध पुजा, शील प्रार्थना

नै बसेर बुद्धपुजा शील प्रार्थना र धर्म देशना गर्नुहुन्थ्यो । त्यस समयमा उहाँ किण्डोल विहारमा बस्नु हुन्थ्यो । भिक्षुको मधुर स्वरले सरलरुपमा दिनु भएको प्रवचनले प्राय: सवै उपस्थित व्यक्तिहरूलाई आकर्षित गरेको थियो। त्यस पछि उहाँ फेरि किण्डोल विहारमा नै जानु हुन्थ्यो । गाउँले हरूले समय-समयमा भिक्षु कर्मशील ज्यूलाई बोलाई धर्म देशना गराउँथ्यो। यसरी समय बित्दै जाँदा गाउँका बुद्ध धर्म प्रति आस्थावान उपासक उपासिकाहरूले मिली ......... विहार निर्माण नभए सम्म खाद्य टोलको नरसिंह महर्जनको घरमा, बुद्धमूर्ति किनेर ल्याई स्थापना गर्ने सल्लाह गऱ्यो। केहि समयपछि बुद्धमूर्ति किनेर ल्याइयो र विधिपूर्वक स्थापना गर्न किण्डोल विहारमा भिक्षु कर्मशीलज्यूलाई निमण्त्रणा गरियो। भिक्षु ज्यूले बौद्ध नियम अनुसार नै बुद्धमूर्तिको स्थापना गर्नुभई नेकुसिं नामका उपासकलाई श्रामणेर बनाउनु भएको थियो । उहाँको प्रव्रजित नाम श्रामणेर चूलपन्थ थियो । यसरी धर्मप्रतिको आस्थाले अस्थायी रुपमा भए पनि नरसिंह उपासकले घर दान दिनु भई

र धर्मदेशनाको कार्य-क्रम सञ्चालन भइरह्यो। एक दिन भिक्षु कर्मशील ज्यू यस गाउँमा पाल्नु हुँदा बैठ टोलको एक टुक्रा जग्गालाई विहार निर्माणका लागि अनुकूल देख्नु भएछ र तत्कालै उपासक उपासिकाहरूलाई बोलाई सो कुरालाई तिनीहरूका सामु राख्नु भयो । यसरी जग्गाको बारेमा जानकारी पाए पछि उपासक उपासिकाहरूले पनि त्यहि जग्गा किन्ने निर्णय गऱ्यो र पैसा संकलन गर्न थालियो । त्यसबेला जग्गाको मूल्य रु.६००।- थियो। धर्मप्रति आस्थाप्रति आस्थावान उपासक उपासिकाहरूले केहि समयमा रकम जम्मा गरी जग्गा किन्यो। जग्गा किनि सकेपछि ईंटा छाप्नको लागि माटो जम्मा गर्न थाल्यो । ईंटा छाप्ने काम शुरु गरी आधा काम सिद्धि सक्दा पानी परि सबै ईंटा नाश भयो। दोश्रो पटक ईंट्टा छाप्दा पनि पानीले सवै नाश भयो । यसरी ३।४ पटकको अथक परिश्रम पछि ईंट्टा छाप्ने कामलाई पूर्ण गरेरै छाड्यो, उपासक-उपासिकाहरूले । त्यसपछि जग हाल्ने काम शुरु भयो । जग हाल्दा हाल्दै पैसा सिद्धिएकोले कामलाई बीचमा नै त्यत्तिकै छोडियो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि २।३ वर्ष सम्म पैसाको अभावले विहार निर्माण कार्य ठप्प भयो । दुई तीन वर्ष पछि गाउँका उपासक उपासिकाहरूले र शहरका (काठमाडौं) धर्म साथीहरू मिली फेरि निर्माण कार्यलाई निरन्तरता दिन थालियो । यसरी विहार निर्माण कार्य शुरु गरे देखि नसिद्धिएसम्म उपासक उपासिकाहरूलाई कहिल्यै सुख भएन । पछिल्लो पटक विहार निर्माण कार्य सम्पन्न गर्नको लागि पनि अ. पारमिले चन्दा दिनु भएर मात्र विहार निर्माण कार्य सम्पन्न भएको थियो । यसरी कठिन पूर्वक सम्पन्न गर्नमा भिक्षु कर्मशीलको पनि ठुलो योगदान छ । उहाँ वर्षावास बस्नु भएको वर्षमा नै यो विहारको निर्माण कार्य सम्पन्न भएको थियो । उपासक उपासिकाहरूले धेरै संघर्ष परिश्रम अर्थात् प्रणिधि गरी पूर्ण भएकोले नै उहाँले यस विहारको नाम 'प्रणिधि पूर्ण महाविहार" राख्नु भएको थियो । यसरी वि.सं. २००४ सालमा विहार निर्माण गर्न थालेकोमा वि.सं. २००९ सालमा मात्र सम्पन्न भयो । यसको हिसाबले यस प्रणिधिपूर्ण महाविहार २०४६ सालमा भिक्षु गुणघोषको प्रयासले जिर्णोद्धार गरी अलि ठूलो बनाइएको थियो । जुन हालसम्म पनि त्यहि स्वरूप कायम छ । हाल यस विहार मा श्रामणेर सुख, अनगारिका मुदिता र चन्द्रशीला बस्नु हुन्छ । र यस वर्षको वर्षावासमा भिक्षु चन्द्रगुप्त बस्नु भएको थियो । उहाँहरू द्वारा दैनिक रुपमा बुद्धपूजा पनि गरिन्छ । यसका अतिरिक्त प्रत्येक शनिवार बौद्ध परियत्ति शिक्षा, प्रत्येक महिनामा एकपटक एक दिवशीय विपश्यना ध्यान शिविर साथै यस परियत्ति शिक्षाका सञ्चालकहरूले समय समयमा हाजिरी जवाफ प्रतियोगिता जस्ता बौद्धिक अतिरिक्त क्रियाकलाप पनि गरिरहेका छन् । ■

## ❁ अनिच्चावत संखारा ❁

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ती तेसं रूपसमो सुखो ।।

*जन्मः*
ने.सं. १०४१ दिल्लाथ्व,
एकादशी



*दिवंगतः*
ने.सं. ११२३ कौलाथ्व पारु

**मदुम्ह हिरामाया नकर्मी**

**धर्मकीर्ति पत्रिकाया विशेष सदस्य हिरामाया नकर्मी २०६० आश्विन १० गते ८३ दँया बैंशे दिवंगत जुयादीगुलिं वयक:या छ्येँज:पिंसं प्रकृतिया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय्फय्मा धका: कामना यानाच्वना । साथय् वयक:या गुणानुस्मरण यासे संसारया अनित्य स्वभावयात लुमंका च्वना ।**

**- धर्मकीर्ति पत्रिका परिवार**

सप्तरत्न धन - ६

# त्याग–६

प्रकाश वज्राचार्य

विहारबाट फर्किराखेका आनन्दरत्नको मनमा कुरा खेलिराखेछ - "त्याग ! त्याग चाहिन्छ रे ! तर कति चाहिन्छ ? भिक्षुले पनि त भन्नु भएको थियो– "त्याग भन्दैमा आफूसंग भएको सबै दान दिएर आफू माग्ने वा जोगी हुनु पनि ठीक छैन । त्यस्तो त्याग बोधिसत्वले मात्र गर्न सक्दछ, हामीले गर्न सक्दैनौं ।" ... त्यसो भए त्याग किन गर्नुपर्यो ?"

बाटोमा जाँदा जाँदै आनन्दरत्नले एक ठाउँमा आगो लागेर एउटा घर जीर्ण भइसकेको देखे । उसले झस्स सम्झ्यो "यो बेखारत्नको घर पनि अकारणले आगो बलेको होइन । अस्ति मात्र बेखारत्नको आफ्नो भाईसंग चार औंला जग्गाको बारेमा झगडा भएको थियो । पछि हात चल्यो, त्यसपछि हतियार चल्यो । उसको भाईका कान्छो छोराको आँखा फुट्यो । त्यही रिसले उसको भाईले राति आएर उसको घरमा आगो लगाइदियो । अलिकता जग्गा त्याग गर्न सकेको भए यसरी झगडा भई त्यतिका नोक्सान सहनु पर्दैन थियो । साँचै त्याग भन्ने नभएको भए संसार झगडाको मैदान भइसक्यो होला ... ।"

यसरी विचार गरी गइराखेका आनन्दरत्नले दुईजना खासखुस कुरा गरिराखेको सुने । एकजनाले भन्यो– "मलाई त्यतिका धेरै मालसामान चोरेर सस्तोमा तिमीले बेच्न ल्याउँछौ भने, मैले तिमीलाई एक दुईवटा चक्कुहरू दिन नसक्ला ? तिम्रो लागि मैले त्यति पनि त्याग गर्न नसक्ला ?" फेरि आनन्दले मनमा कुरा खेलायो "के यो चोर्नलाई सहायता गर्न दिएको त्याग ठीक छ ? होइन । अर्कालाई विगार्नका लागि गरेको त्याग, त्याग होइन पाप हो । अर्कालाई असल गर्ने मनले गरेको त्याग मात्र त्याग हो । खाना नपाएकाको अगाडि देखा देखी गरेर खाने कुरा नदीमा बगाउने त्याग होइन ।"

बाटोमा जाँदा जाँदा एउटा अन्धो मागिराखेको देखे । खल्तिबाट पैसा निकालेर दिएर फेरि आफ्नै धुनमा लागे । "साँचै त्याग भनेको नभएको भए करुणा र मित्रता पनि हुँदैन । त्याग नगरिकन कोही आजसम्म ठूलो मान्छे बनेका छन् ? नेता, शहीद, विद्वान सबैले त्याग गर्नु पर्दछ । साँचै भन्ने हो भने त्यागमा नै विश्व अडिराखेको जस्तो छ । हो बरु त्याग गर्नु पनि ठाउँ हेरी गर्नु पर्दछ ।"

मनमा कुरा खेलाइ आइराखेका आनन्दरत्न घर आइपुग्दछ । उसको ध्यान भंग हुन्छ । भित्रबाट स्वास्नीको आवाज सुनियो "हरे । अब के गर्ने कति दिन भइसक्यो तान चुँडिराखेको । त्यो पनि जोड्नै नसक्ने गरी ।" यो कुरा सुनेर फेरि एक पटक आनन्दरत्न कल्पनामा डुबे "तान बिग्र्यो ? किन बिग्रिदैन ? संसार नै अनित्य, सधैं रहिरहने के चिज छ ? बिग्र्यो भनेर किन दुःख मान्ने ? साँचै त्याग चित्त नभएको र लोभीहरूलाई मात्र यस्तो कुरामा पीर पर्दछ । तर दान गरिराखेका अनित्यतालाई देखी अरूलाई सहायताको लागि त्याग गरी राख्नेहरूलाई त्यति दुःख हुँदैन । आगोमा चलिराख्नेहरूलाई आगोले पोल्दा त्यति धेरै थाहा पाउँदैन । त्यागलाई राम्ररी बुझेर प्रयोग गर्न सक्ने पनि महापुरुषहरूको गुण हो । साँचैको त्याग त्यो प्रकाश हो जसबाट लोभ रिस र अभिमानको अन्धकारलाई हटाइदिन्छ ।"

दुई वर्षपछि । दुई वर्ष अघि जस्तो सानुमान गरीब छैन । उ अब सानु साहु भइसक्यो । पोहर उसको बालि असाध्यै राम्रो भयो, साथै एउटा राम्रो व्यापारीसंग सम्पर्क पनि बढ्यो । त्यस समयदेखि उसको घरबाट गरीबीपन भाग्यो ।

तर गोरे साहु भने त्यो गाउँमा छैन । अब गोरेचा मात्र बाँकी छ । पहिला सबैलाई चुसेर धनी भइराखेका गोरे साहुको पापको गाग्रो भरियो । त्यसै पतन भयो । पोहरको कुरो हो, गोरे साहुले भए नभएको निहुँपारी श्यामलाई चारसय रूपिया तिरायो । श्यामकी बिरामी स्वास्नी औषधि गर्न नपाएर मरी, उसको छोरा पनि खान नपाएर मर्‍यो । श्यामलाई गोरे साहुदेखि असाध्यै रिस उठ्यो । अनि उसले गोरे साहुको खेत



Downloaded from http://www.dhamma.digital

जलाइदिएर भाग्यो । त्यति राम्रो बालि भएको खेत सबै खरानी भएको सुनेर गोरे साहु मुर्छा पऱ्यो ।पछि होशमा त आयो तर मुटु हल्लिने रोगले उसलाई समात्यो । औषधि गर्ने लोभले गर्दा उसको रोग झन् झन चर्को भयो । पछि उसको धन सम्पत्ति औषधि गर्दा नै ठिक्क भयो । गोरे साहुबाट गोरेचा भयो । आफन्तदेखि लिएर नोकर चाकर सबैले छाडेर गयो । गोरे र उसका छोरा बाहेक अरू कोही पनि छैन । पहिलेदेखि गोरे साहुलाई बदला लिने सुरले बसेका ४, ५ जना गाउँलेहरू जम्मा भएर राती उसको घरमा भए भरको सामान चोरेर लग्यो । काम खोज्न गए पनि कसैले काम दिएन, कसैले पनि मन पराउँदैन । पहिला आफूले गरेको पापको फल भोग्नु पऱ्यो ।

एकदिन गोरेको छोरा सारै बिरामी पऱ्यो । आफैलाई हात मुख जोड्न आपत परेका गोरेले के औषधि गर्न सक्दछ ? आफ्नो ज्यानभन्दा प्यारो छोरा मर्न लागेकोले उ छटपटाइ राख्यो । औषधि नगरी नहुने हुनाले आफूले चिने जाने सबैकहाँ पैसा माग्न गयो । तर पैसा पाउनु त कहाँ उल्टो गालि सहनु पऱ्यो । यसरी गाली सहँदै पैसा माग्दा माग्दै उ सानुमानको घरमा पुग्यो । सानुमानको जहानसंग आफ्नो दुःख व्यक्त गर्दै उसले भन्यो । हेर्नुहोस्, मेरो एक्लो छोरा घरमा बिरामी छ, मसंग औषधि गर्नसम्म पैसा छैन । केही अलिकता पैसा सापटी दिनुहोस् । मेरो छोरा बाँच्ने थियो ।"

सानुमानकी जहानले जवाफ दिइन्– "के मुखले सापट लिन आएको । सम्झेकाछौ, पोहर हामीलाई गरेको शोषण ! आज आएर पैसा माग्न आउन लाज लाग्दैन ?"

त्यसैबेला सानुमान र तीर्थ दुबै हाँस्तै हाँस्तै भित्र पसे । घरमा गोरे बसिराखेको देखेर तक्क अडिए । गोरेले रुन्चे शोरमा भन्यो– "सानुदाई मैले तपाईंहरूलाई धेरै दुःख दिएँ । त्यसको फल भोग्नु परिराखेको छ । म पहिला लोभी भएको हुनाले आज कसैले मन नपराई बस्नु पऱ्यो । म माग्ने भएँ, छोरालाई औषधिसम्म गर्न पैसा छैन । अबदेखि (आइन्दा) यस्तो काममा लाग्ने छैन । तर अहिलेको लागि मेरो छोरालाई निको पार्न ५० रूपियाँ दिनुहोस् । बिन्ति गर्दछु ।" साँचै गोरेले घुडाले टेकेर बिन्ति गऱ्यो ।

सानुमानले हप्पारे– "आज मात्र चाल पायौ तिमीले ? सम्झेकाछौ, तिमीले कति परिवार ध्वस्त गरिसक्यौ, कतिका छोरा मारीसक्यौ ? कतिलाई गरीब बनाइसक्यौ ? त्यसबेला उनीहरू रोएको तिमीले सुनेकाछौ ? दया मागेको देखेकाछौ ? तिमीलाई केको पैसा दिने, दिँदै दिन्न ।" सानुमानले दिँदै दिएन । गोरेको अनुहार मलिन भयो । अनुहार कालो गरेर के फर्किन लागेको थियो । तर तीर्थले हात थप्प समाती उसको हातमा रु. ५०/– राखी भन्यो– 'गोरे, तिमी साँचै पश्चाताप गरेको जस्तो छ । लौ, पैसा तिम्रो छोरालाई निको पार । यो पनि सम्झ मैले तिमीलाई उठाउन हात दिएको हो । यसबेला माथी आउन सकेन भने फेरि फेरि दिन सकिँदैन । ल जाऊ, छिटै जानु ।"

गोरे छक्क पऱ्यो । उसको आँखा आँसुले धलमल भयो । तीर्थको हातबाट पैसा लियो, अनि त्यसलाई एकचोटि म्वाई खाई आशीर्वाद दिँदै निस्कियो । तीर्थको त्याग देखेर सानुमानले भित्री मनदेखि गर्व महसूस गरे ।

*क्रमशः*

## लशकुश म्यें

**गणेश वज्राचार्य**
टक्सार, भोजपुर ।

वा वा पासापिं सकलें मुने वा
स्वांयापुन्हीया ज्या ज्व: हने वा ।
बुद्धशासनय् जीवन छ्यलेनु
पञ्चशीलया पालन यायनु ।
थ:त भिंकेगु लंपुइ वने वा
वा वा पासापिं स्वांयापुन्ही हने वा ॥
मनुष्य जीवन सार्थक यायत
क्षमा, दान, शील उत्तम चर्या ख: ।
शान्ति मार्ग ज्वना न्ह्योने वने वा
सद्‌विचायात लशकुश याय् वा ॥
वा वा पासापिं सकलें मुने वा
भ: भ: धायक जयन्ती हने वा ।

# कथिन चीवर दान व उत्सव

***सहभागी-***

जि ला न्हूम्ह तिनि थुगु ज्याझ्वले । छिकपिनिगु छलफल ज्याझ्वया विस्तृत खँत धर्मकीर्ति पत्रिकाय् ब्वनाच्वनागु दु । साप हे बाँला: तालका जित:ला । थुगु ज्याझ्व:या खँत धर्मकीर्ति पत्रिकाय् खँय् भाषं (नेपाली) छापे जुया: पिहाँ वयाच्वंगु खना । छलफल ज्वीबले नं नेपाली हे छलफल ज्वीगु ख:ला ? जि धा:सा नेवा: मचा लात । गामं वयाम्ह । आ:तकला गतिलाक खँय् भाय् ल्हाय् नं मस:नि । नेवा: भाषं न्ह्यस: तय् ज्यू मखुला ?

***आयोजक-***

धनला अपो याना: नेवा: भाषं हे छलफल ज्वीगु ख: । छक: निक: तामाङ्ग व गुरुङ्गत वया: प्रश्न न्यनीबले जक खँय् भाय् (नेपाली) छलफल ज्वीगु ख: । धर्मकीर्ति पत्रिकाया ग्राहकत बच्छिं मयाक ला स्वनगिलं पिनेयापिं ख: । इमिसं नेवा भाषं ब्वने मस: धाईगु । धर्मकीर्ति पत्रिकाया लक्ष्य हे बुद्धया शिक्षा अपोसिनं सयका सीका काय् फयमा धयागु ख: । उकीं उकी छलफलया प्रतिवेदन कथं नेपाली छापे ज्वीगु ख: । आ: छित: मा:गु व छिं न्यने त्यनागु न्ह्यस: छु थें धया दिसँ ।

***सहभागी-***

अँ, जिं न्यने धका: वयागु ला थौं कन्हे कथिन महान उत्सव धका: खूब प्रचार जुयाच्वन । भन्ते, गुरुमांपिं नं बथां बथां साप लिमलाक जुयाच्वंगु खना । छु ख: ध्व कथिन उत्सबया अर्थ ?

***आयोजक-***

छिं बाँला:गु न्ह्यस: तयादिल नि । ध्व साधारण मनूतसें काचाक्क ध्वीका काय् फैगु खँ मखु । छाय् धा:सा ध्व छगू थेरवादी म्हासु वसतं पुनाच्वंपिं भिक्षुपिनि पाखें शुरु जूगु न्हूगु बौद्ध संस्कृति ख: । मुक्कं हे भिक्षुपिनि नियम सम्बन्धी ज्या व पुण्यकार्य ख: ध्व ।

असार पुन्ही निसें कतिं पुन्ही तक वा वइगु महिना स्वलातक छथासं च्वनेगु भिक्षुपिनि नियम हे दु । बुद्धं भिक्षुपिन्त थुकथं नियम दयका बिज्या:गु दु–

“हे भिक्षुपिं । वर्षा स्वलाया छथासं च्वनेगु अनुमति बिया च्वना ।”

मेबेले भिक्षुपिं धर्मप्रचार याय्त गां गामं, नगरं नगर, चा:हिला च्वनी । वां दाय्का: दु:ख सियाच्वंगु खना: बुद्धं अथे स्वलातक छथासं च्वनेगु नियम दयका बिज्या:गु ख: । वर्षावासं लिपा बुद्ध दर्शन याय् धका वना च्वंबले तसकं वां दाया: कष्ट जुल । अपो चीवर मदुगु जुयाच्वन । उकें बुद्धं वर्षावास च्वपिं भिक्षुपिसं अतिरिक्त कथिन चीवर दान काय् ज्यू वा बीज्यू धका: नियम दय्का बिज्यात ।

***सहभागी-***

ध्व कथिन चीवर दान उत्सव अनिवार्य रुपं याय् हे मा:गु ख:ला ?

***आयोजक-***

थौं कन्हेया परिस्थिति कथं याय्हे मा: धयागु ला मदु । न्हापायें आ: चीवरया अनिकाल जुयाच्वंगुनंला मदु । अपो खँ छाय् ल्हाय् थुगु बारे आ: भीत मा:गु थुगु कथिन चीवर दानया महत्त्व छु, उपलब्धी छु, थुखे पाखे छक: नं ध्यान बी नु ।

ध्व कथिन चीवर दान दच्छिया छक: हे जक व छथाय् हे जक ज्वीगु उत्तमगु उत्सव जूगु कारणं मनूतय् थुगु दान कार्यक्रमे अपो श्रद्धा उत्पन्न जूगु खनेदु । तापाक तापाक गांगामे भिक्षुपिं मदुगुलिं धर्म प्रचारया ज्या मजू । गुबलें गुबलें जक भिक्षुपिं वर्षावास च्वं बिज्या: । ध्व हे तोह: तया: भिक्षु भिक्षुणीपिसं उपासक उपासिकापिं मुंका: कथिन चीवर दान बीगु चलन जूगुलिं भन्ते गुरुमांपिं यक्व मुनी, बुद्ध पूजा व धर्मदेशना नं जू । वातावरण हे शान्त खनेदु । मनूतय् भ्वय् न्याय्का: ध्यवा फुकाच्वन । दच्छि छक: वर्षावासया तोह: तया: कथिन चीवर दान बिया: ज्ञान गुणया खँ न्यना: चित्त शुद्ध याय्गु ज्या जू । अथेहे नुग: मस्यासे त्याग चेतनां दान याय्गु मौका ब्यू । थुकीया उपलब्धि ध्व हे ख: । मेगु नं यक्कों खँ दु थुगु बारे । अफ्र थुकीयावारे विस्तृत खँ सीकेगु मन दुसा छिं भन्तेपिंथाय् स्वापू तयादीसा बाँलाई ।

***सहभागी-***

थन वया: थुलि खँ सीकेदुगु हे तसकं लय्ताल । लिपा फुर्सद दैवले भन्तेपिन्थाय् नं वनेमालीका । का थौंयात विदा ।



Downloaded from http://www.dhamma.digital

# शान्तिको चाहना

अ. सुमेधावती

हत्या र हिंसा मानवता होइन ।
लडाईं झगडा पुरुषार्थ होइन ।

बुद्धले भनेका छन्
जब अशान्तिको ज्वाला दन्किन्छ ।
मर्नु र मार्नु दुवैको हार हुनेछ ।

आजको दिनमा साराको मुखमा
बुद्ध-बुद्ध शान्ति शान्ति चाहना गर्दैछ ।
चाहेर मात्र कहाँ हुन्छ, कर्म पनि गर्नुपर्छ ।
देशै ज्ञानी भएको भए शान्ति खोज्नु पर्दैनथ्यो ।

पञ्चशीलको शिक्षा पालन गरेको भए
सारा जनताले सुख शान्ति पाउने थिए ।
जवसम्म बुद्धका सही अनुयायी हुँदैन
मानव दुःखको भव सागरमा परिरहन्छ ।

शान्ति, शीतल र आनन्द चाहिन्छ भने
कर्म नै शुद्ध, इमान्दार र विवेकी हुनु पर्दछ ।
आज आतङ्कवादीको परिस्थिति कसले ल्यायो
बुद्ध जन्मेको माटोमा अशान्तिको बीऊ कसेल उमार्‍यो ?

बाँच र बचाउ शिक्षाको कमी छ यहाँ
मैत्री करुणाको ज्ञान कमी छ यहाँ
सुख शान्तिको खोला बगाउनु छ यहाँ
हिमाल झैं सेतो र शीतल चित्त बनाउनु छ यहाँ

अंगुलीमाल जस्तो त बुद्धको शरणमा गए
बोधी, ज्ञान प्राप्त गरेर अस्त्र शस्त्र त्यागे
आफ्नो जीवन सारपूर्ण बनाए ।
अन्तमा निर्वाण प्राप्त गरे

# दुःखको उपयोग गरौं

चित्ररत्न शाक्य
कुतिबहाल, ललितपुर

संसार दुःखको सागर हो
सबैतिर दुःखै दुःख छ
यहाँ दुःख नै सुलभ छ त
त्यसको उपयोग गरौं ।
दुःखलाई स्वतन्त्र छोडी
पीड़ाले रून छोड़ौं
दुःखलाई काबूमा राखी
शान्त र मुदित बनौं ।
बच्चाको हातमा छुरा परे
हात काट्छ, रगत बग्छ
भान्छेको हातको छुराले
तरकारी काट्छ, भोजन बन्छ ।
सर्पले टोक्दा मान्छे मर्छ
सर्पको विषले
सिकिस्त विरामी बाँच्छ
त्यही विषको उपयोगले
देखेर जरा, व्याधी, मरण
जीवनको अपरिहार्य दुःख
सिद्धार्थ बनमा पुग्छ
बन्छ सम्यक् सम्बुद्ध ।
दुःख पीड़ादायी छ
त्यसैले त शान्ति विकसित हुन पाउँछ
बीर्य, ध्यान, प्रज्ञा लाभ
शान्तिबाट मात्रै हुन्छ ।
दुःखलाई नबोलाऔं
आएको दुःखमाथी द्वेष पनि नगरौं
दुःखको स्वागत गरौं
तर यसलाई भोगेर नबसौं ।
दुःखलाई समता भावले हेरौं
संगै अनित्य र अनात्मको दर्शन गरौं
दुःखले छुने छैन
सुखले छोड़ने छैन ।

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम

## हृदय परिवर्तन

२०६० भाद्र २० गते, शनिवार ।

स्थान- धर्मकीर्ति विहार ।

अध्ययन गोष्ठीद्वारा संचालित शनिवारिय कार्यक्रममा पूज्य भिक्षु अश्वघोष महास्थविरबाट "हृदय परिवर्तन" विषयमा प्रवचन दिनु भएको थियो । प्रवचनको क्रममा उहाँले भन्नु भयो– "पुराना संस्कार-लाई त्याग्नु नै हृदय परिवर्तन हो । हृदय परिवर्तन नभइकन हामीले बुद्धले देशना गर्नु भएको यथार्थ ज्ञानलाई व्यवहारमा उतार्न सक्दैनौं । बुद्ध स्वयमले पनि आफ्नो पुरानो संस्कार त्याग गर्नुभई ज्ञान प्राप्त गर्न सफल हुनु भएको थियो । त्यस्तै पञ्चभद्र वर्गीय भिक्षु, खुज्जुतरा, श्यामावती, अभय राजकुमार, पताचारा आदि बुद्धकालिन व्यक्तिहरू पनि हृदय परिवर्तन गरिसकेपछि मात्र बोध हुनु भएका थिए । आजभोली पुरानो संस्कार त्याग्न नसकेको कारणले नयाँ बोटलमा पुरानो रक्सी जस्तो भइराखेको देखिन्छ । धेरै जसो मानिसहरूले सेवा नगरीकन मेवा खान खोज्छन् । त्यसैले अहिलेको परिस्थिती भयावह बन्दै गइरहेको छ । हामीले पनि आफ्नो पुरानो संस्कारलाई त्यागी बुद्धको यथार्थ ज्ञान बुझ्न सकेको खण्डमा मात्र सुख शान्ति प्राप्त गर्न सक्नेछौं ।"

## विषय : वर्षावास

२०६० असोज ३ गते, शनीवार ।

स्थान- धर्मकीर्ति विहार ।

यसदिन भिक्षु अश्वघोष महास्थविरले वर्षावास विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो–

"वर्षावास" को चलन पहिला बुद्ध धर्ममा थिएन । त्यसबेला जैन धर्ममा वर्षातको तीन महिनासम्म एकै ठाउँमा वस्नुपर्ने नियम थियो । त्यसबेला वर्षातमा रुझेर हिंड्ने भिक्षुहरूलाई देखेर केही जैन धर्मावलम्बीहरूले यसरी भन्ने गर्थे– "यी भिक्षुहरू त वर्षात्मा पनि हिंडडुल गर्दा रहेछन् आदि ...।" यस अपवादलाई बुद्धले सोचविचार गरी वर्षात्मा हिंडडुल नगर्दा निम्न उपलब्धिहरू प्राप्त हुने कुरा स्पष्ट पार्नु भएको थियो–

१. पानीमा रुझेर विरामी पर्ने भयबाट बच्ने ।

२. एकै ठाउँमा तीन महिनासम्म बस्न पर्दा उपासक उपासिकाहरूलाई धेरै धर्मोपदेशहरू सुनाउन पाउने ।

३. तीन महिनासम्म आफू भन्दा विद्वान भिक्षुहरूको सत्संगतले गर्दा धर्म उपदेश सुन्न पाउने ।

४. ध्यान भावना अभ्यास गर्दै आध्यात्मिक उन्नति गर्न पाउने ।

५. "पानीमा रुझी हिंड्ने भिक्षुहरू" भन्ने अपवादहरूबाट बच्न पाउने ।

माथीका यी उपलब्धिहरू प्राप्त हुने देखेर बुद्धले पछि मात्र भिक्षु संघलाई वर्षावासको नियम बनाइदिनु भएको थियो । बुद्धको भनाई थियो "कुनै पनि नियम मानिसको लागि हो, मानिस नियमको लागि होइन" । फेरि वर्षावासको नियमले कसैलाई आपत विपद नपरोस भनेर, अति नै जरुरी काम परेमा सातौं दिनमा वर्षावास बसेकै ठाउँमा पुग्नु पर्ने गरि बाहिर गएर आउन सक्ने नियम संसोधन पनि गर्नु भएको थियो ।

माथीका यी कुराहरूवाट स्पष्ट हुन्छ कि बुद्ध पूर्ण प्रजातन्त्रवादी हुनुहुन्थ्यो । जन आवाजलाई ठूलो मान्यता दिनु हुन्थ्यो । र अपवादलाई पनि हृदयंगम गरि ठाउँ, समय र परिस्थिती अनुकूल आवश्यक सुधार गर्न पाइन्छ भन्ने नियम बनाई दिनु भएको थियो ।

बुद्धको उपदेश अनुसार आध्यात्मिक उन्नतिको लागि भौतिक साधनको पनि ठूलो भूमिका हुन्छ । जस्तै भोकको लागि आहार, स्वस्थ्यता र स्वच्छ चिन्तनको लागि स्वच्छ र शान्त वातावरण सहयोगको लागि मैत्री चित्त भएका शुभचिन्तकहरू इत्यादि घनिष्ट सम्बन्धका भौतिक साधनहरू हुन् । उदाहरणको लागि बुद्धले ६ वर्षसम्म कठिन तपस्या गर्दा पनि यी भौतिक तत्वहरूको साथ नपाउँदा सम्म बोधिज्ञान प्राप्त नभएको अनुभवबाट स्पष्ट पार्नु भएको थियो । तर आध्यात्मिक भावना विनाको भौतिक उन्नतिले पनि विनासतिर लम्काउँछ भन्ने कुरा स्पष्ट नै छ ।


भिक्षुहरूको शील समाधि र प्रज्ञाको उन्नतिको लागि वर्षावासमा धेरै सुन्दर नियमहरू बुद्धले बनाई दिनु भएको थियो । जस्तै आपत्तिदेशना अर्थात आत्मलोचना अर्थात् आफुवाट कुनै भूल हुन गएको छ भने, आफैले महसुस गरेर सुधार्न पाउने । अर्को पवारणा अर्थात्



Downloaded from http://www.dhamma.digital

आफ्नो भूल आफैले थाहा नपाउन सक्छ, त्यतिवेला भिक्षु साथीहरू दुई दुई जना एकान्तमा बसेर एकले अर्कोको भुल देखाइदिने, भूल स्विकार्ने, क्षमा याचना गर्ने र त्यस्तो भूल फेरि नदोहरियोस् भन्नाको लागि अधिष्ठान आदिको आदान प्रदान गर्ने जस्ता सुन्दर नियमहरू थिए ।

अन्तमा भन्तेले वर्षावास संग सम्बन्धित "मातिक माता" को कथा पनि सुनाउनु भएको थियो जो आफ्नो गाउँमा वर्षावास बस्न आउनु भएका ३० जना भिक्षुहरूका शुभ चिन्तक उपासिका थिइन् । वहाँको मैत्री चित्तले श्रद्धापूर्वक भिक्षुहरूको सेवा र सहयोग गर्दा गर्दै भिक्षुहरू भन्दा पहिलो नै मातिक माताले अनागामी फल प्राप्त गर्न सफल हुनु भएकी थिइन् । यसरी शुद्ध चित्तले कुनै पनि असल काम गर्दा सो अनुसार फल प्राप्त अवश्य हुन्छ भन्ने कुराको स्पष्ट पारिदिनु भएको थियो ।



*बिदाई समारोहमा बर्मी राजदूतलाई उपहार प्रदान गर्नुहुंदै भिक्षुणी धम्मवती*

## भिक्षु Prof. Chao Huei को प्रवचन

२०६० असोज २५ गते

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः काठमाडौं ।

यसदिन ताइवानबाट आउनु भएकी भिक्षुणी Prof. Chao Huei ले "Buddhist Women : New Role and New Challanges" विषयमा प्रवचन दिनु भएको थियो । Himalayan Buddhist Education Foundation को तर्फबाट तीर्थयात्राको सिलसिलामा नेपाल आइपुग्नु भएको भिक्षुणी Chao Huei ले प्रवचनको क्रममा भन्नुभयो "धर्मलाई रक्षा गर्नु नै भिक्षु भिक्षुणी उपासक उपासिकाहरूको प्रमुख कर्त्तव्य हो ।

शील सदाचार युक्त व्यक्ति (चाहे त्यो भिक्षु वा भिक्षुणी होस्) त्यस व्यक्तिको समान रुपले कदर हुनु जरुरी छ । किनभने धर्मले स्त्री पुरुषलाई कदापि भेदभाव गर्दैन । आफ्नो स्वतन्त्र चिन्तन प्रयोग गरी ठीक बेठिक छुट्टाउन सक्नु नै धर्मानुकूल बुद्धिमान कार्य ठहरिनेछ । स्वतन्त्र चिन्तन अनुसार धर्मलाई व्यवहारमा उतार्न सकेमा मात्र बुद्ध शासन चिरस्थायी रहनेछ । त्यसकारण त्रिपिटकमा उल्लेख गरिएको भन्दैमा त्यसमा उल्लेखित सबै बुँदाहरूलाई आँखा चिम्ली विश्वासगर्नु बुद्धिमानी होइन ।"

## बिदाई समारोह

२०६० कार्तिक ५ गते ।

स्थान- धर्मकीर्ति विहार ।

आफ्नो कार्यकाल समापन गरी बर्मा फर्कन लाग्नु भएका नेपालका लागि बर्मी राजदूत उ ने वैंलाई धर्मकीर्ति संरक्षण समितिले एक बिदाई समारोहको आयोजना गरिएको थियो ।

बिदाई समारोहमा बोल्नुहुँदै बर्मी राजदूतले उहाँ नेपालीरूको मिलनसार र सहयोगी भावनाबाट प्रभावित भएको कुरा बताउनु भयो । यसको साथै उहाँ यसपछि दक्षिण कोरियाका लागि बर्मी राजदूतको रुपमा खटिनु भएको कुरा पनि प्रष्टाउनु भएको थियो ।

उक्त समारोहमा धर्मकीर्ति संरक्षण समितिका अध्यक्ष धम्मवती गुरुमांले राजदूतलाई खास्ती चैत्य उपहार स्वरूप प्रदान गर्नु भएको थियो । यसरी नै उक्त समितिका अन्य पदाधिकारीहरूले पनि उपहारहरू प्रदान गर्नुभएका थिए ।

- 'जसले आफूले गरिसकेको पाप कर्मलाई कुशलकर्मद्वारा मोचन गर्छ, त्यसले यस लोकलाई बादलबाट मुक्त भएको चन्द्रमाले जस्तै उज्यालो पार्दछ ।'
- 'एक सत्यधर्मलाई अतिक्रमण गर्ने, झूठावादी, यस जीवन पछिको अर्को जीवन प्रति वास्ता नराख्ने व्यक्तिले नगरिने पाप भनेको केही छैन । (हुंदैन।) - धम्मपद

## प्रव्रज्या कार्यक्रम

बुटवल/असोज २८ गते ।

बुटवल नगरको सबभन्दा पुरानो बुद्ध विहारको रुपमा ख्याति प्राप्त 'पद्म चैत्य विहार' मा 'स्थायी प्रव्रज्या' तथा 'सम्मान कार्यक्रम' सुसम्पन्न भयो । बिहान ७:०० बजे बुद्ध पूजा र शील प्रार्थनाबाट आरम्भ भएको कार्यक्रममा विहारका दुई जना उपासिकाहरू श्रीमती सूर्यमाया कंसाकार तथा सुश्री शान्ती शाक्यज्यूहरूले गृहस्थ जीवन त्याग गरी बुद्ध शासनमा प्रव्रजित हुनु भई 'अनगारिका' (गुरुमां) हुनु भयो । उक्त शुभ कार्य सुसम्पन्न गर्न धर्मकीर्ति विहार, काठमाडौंबाट भिक्षुणी धम्मवती, र रत्न मञ्जरी गुरुमां लगायत धेरै भिक्षुणीहरूको उपस्थिति थियो । उक्त अवसरमा बोल्नु हुँदै भिक्षुणी धम्मवतीले 'स्थायी प्रव्रज्या ग्रहण गर्नु भनेको अत्यन्त महत्वपूर्ण पुनीत कार्य हो' भन्नुभयो । उक्त अवसर भिक्षुणी रत्न मञ्जरी, पद्म चैत्य विहार संचालक समितिका अध्यक्ष श्री संघरत्न बज्राचार्यले शुभ कामना मन्तव्य दिनु भएको थियो । कार्यक्रममा नव प्रवजित अनगारिकाज्यूहरूको जीवनी वाचन गरिएको थियो ।

उक्त दिन दिनको २:०० बजे पद्म चैत्य विहार, बुटवलमा 'सम्मान कार्यक्रम' को आयोजना गरिएको थियो । पद्म चैत्य विहार संचालक समितिका अध्यक्ष श्री संघरत्न वज्राचार्य ज्यूको अध्यक्षतामा प्रमुख अतिथिको रुपमा शासनधज धम्माचरीय भिक्षुणी धम्मवती हुनु हुन्थ्यो । उक्त अवसरमा पद्म चैत्य विहारको पुनर्निर्माणमा आर्थिक, भौतिक तथा अन्य माध्यमबाट सघाउनु हुने संघ संस्था तथा धर्मबन्धु दाताज्यूहरूलाई कदर पत्र, प्रशंसा पत्र र प्रमाण पत्र प्रदान गरी सम्मान गरिएको थियो । संघ संस्था मध्ये बुटवल नगरपालिका, बौद्ध युवा ज्ञानमाला संघ, बौद्ध महिला संघ तथा धर्मबन्धु दाताहरूमा श्री लाल प्रसाद वैजु/श्रीमती चन्द्र लक्ष्मी वैजु, संघरत्न वज्राचार्य/श्रीमती जयलक्ष्मी वज्राचार्य, श्रीमती लक्ष्मी कुमारी वज्राचार्य, श्रीमती मोहन माया वज्राचार्य, श्रीमती किरण श्रेष्ठ, कोटिहवा, श्री सुरेश रत्न वज्राचार्य । श्री स्वयम्भु रत्न धाख्वा लगायत पद्म चैत्य विहारलाई सघाउनु हुने महानुभावहरूलाई कदर पत्र सहित सम्मान गरिएको थियो । उक्त अवसरमा विश्व हिन्दू महासंघ जिल्ला कार्य समितिका अध्यक्ष तथा समाजसेवी गणेश मान सैंजू, लायन्स क्लव अफ बुटवल तथा बुटवल एफ.एम. का अध्यक्ष महेन्द्र नारायण श्रेष्ठ, विशिष्ट व्यक्तित्व जीवन वक्षा, नव नियुक्त उप प्रमुख श्री रामेश्वर प्रसाद श्रेष्ठ, पूर्व नगर प्रमुख श्री भोज प्रसाद श्रेष्ठ, नव नियुक्त नगर प्रमुख श्री पुनाराम पोखरेल र निवर्तमान सांसद श्री सूर्य प्रसाद प्रधानले शुभ कामना मन्तव्य व्यक्त गर्नु भएको थियो । पद्म चैत्य विहार, बुटवलको बौद्ध गतिविधि नगरका निम्ति अत्यन्त सकारात्मक तथा उपलब्धिपूर्ण भएकोले सम्पूर्ण वक्ताहरूले विहारलाई सघाउनु पर्ने धारणा व्यक्त गर्नु भएको थियो । उक्त अवसरमा बुटवल नगरपालिका पूर्व जनप्रतिनिधिहरूलाई समेत सम्मान गरिएको थियो । प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै भिक्षुणी धम्मवतीले 'विहारलाई सघाउनु हुने महानुभावहरूलाई सम्मान गर्नु अत्यन्त उपयुक्त भएको बताउनु भयो । उक्त कार्यक्रममा स्वागत भाषण सदस्य श्री सुरेश रत्न वज्राचार्यले गर्नु भएको थियो भने विहारको वार्षिक तथा आर्थिक प्रतिवेदन सचिव विमल बहादुर शाक्यले प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सवैलाई धन्यवाद ज्ञापन गर्नु हुँदै अध्यक्ष श्री संघ रत्न वज्राचार्यले सभा विसर्जन गर्नु भएको थियो ।

## आर्यधन सम्बन्धी प्रवचन

पिपली बुद्ध विहार सिफलको आयोजनामा सम्राट अशोकले शस्त्र परित्याग गरेको विजया दशमीको उपलक्षमा बुद्ध उपदेशित सप्त आर्यधन सम्बन्धी साप्ताहिक (असोज १०-१८) प्रवचन कार्यक्रम सम्पन्न गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

स्मरणिय छ पिपली बुद्ध विहार गुरुहरूको समूहले बनाइएको हो ।

उक्त प्रवचन कार्यक्रममा प्रवचन दिनु हुने प्रवचकहरू यसरी हुनुहुन्थ्यो–

| दिनांक | विषय | प्रवचकहरू |
|---|---|---|
| २०६० असोज ११ | श्रद्धाधन | भिक्षु संघरीक्षत |
| २०६० असोज १२ | शील धन | श्रीमती रीना तुलाधर |
| २०६० असोज १३ | लज्जा धन | कुसुम गुरुमां |
| २०६० असोज १४ | भय धन | डा. गणेश माली |
| २०६० असोज १५ | श्रुत धन | भिक्षु अश्वघोष |
| २०६० असोज १६ | त्याग धन | भिक्षु आनन्द |
| २०६० असोज १७ | प्रज्ञा धन | प्रेमलाल चित्रकार |

## द्वन्द व्यवस्थापनमा बुद्ध धर्मको भूमिका

२०६० असोज १३ गते ।

स्थान- नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

त्रिभुवन विश्वविद्यालय अन्तरगत चार वर्ष पहिले स्थापित बौद्ध अध्ययन विभागमा रहेका विद्यार्थीहरूको प्राज्ञिक सभा बौद्ध अध्ययन समाजले देशको वर्तमान द्वन्द स्थितिको समाधानमा बुद्ध धर्मको भूमिका र समाधान बाटो विषयमा एउटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा बौद्ध अध्ययन विभागका प्रमुख प्रा. डा. नरेशमान वज्राचार्यले बौद्ध दर्शन अनुसार पण्डित वादको आधारमा माओवादी र सरकार वार्ता भएमा सफलता हासिल हुने सुझाव प्रस्तुत गर्नु भएको थियो। यसरी नै भिक्षु खेन्पो वागेन्द्रशीलले शान्तिको मर्म बुझ्नुपर्ने विषयमा राय दिनु भएको थियो ।

बौद्ध अध्ययन समाजका अध्यक्ष गौतम वीर वज्राचार्यको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले जनतालाई चाहिने मूल आधारभूत आवश्यकताहरू पूर्ति गर्न सकेमा आजको समस्या समाधान हुने सुझाव प्रस्तुत गर्नुभएको थियो ।

सो कार्यक्रममा प्रा. डा. भद्ररत्न वज्राचार्य, प्रा. आशाराम शाक्य र पुण्य प्रसाद पराजुली आदिले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## ८३ औं जन्मोत्सव

२०६० असोज १९, स्थान- सुमंगल विहार पाटन ।

"अग्ग महा सद्धधम्म जोतिक धज" संघ उपनायक तथा अखिल नेपाल भिक्षु संघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको ८३ औं जन्मदिनको उपलक्षमा दान प्रदान एवं विभिन्न कार्यक्रमहरूका साथ एक समारोह सम्पन्न गरिएको छ ।

बुद्ध पूजा पश्चात् भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मदेशना गर्नु भएको थियो ।

## शस्त्र परित्याग दिवस

१८ आश्विन, चिलञ्चो बहा: कीर्तिपूर ।

थेरवाद बौद्ध दायक केन्द्रीय परिषदले सम्राट अशोकले शस्त्र परित्याग गरेको दिन "विजया दशमी" लाई शस्त्र परित्याग दिवसको रुपमा एक गोष्ठीको आयोजना गरेको थियो ।

शस्त्र परित्याग समितिको अध्यक्ष बाबुराम महर्जनको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख प्रवचकहरू यसरी हुनुहुथ्यो–

भिक्षु अश्वघोष महास्थविर, भिक्षुणी धम्मवती, केन्द्रीय दायक परिषद्का अध्यक्ष बखत बहादुर चित्रकार आदि ।

उक्त गोष्ठीमा शस्त्र परित्याग दिवस विषयमा कार्यपत्र पनि प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्रविषयमा श्री लोकबहादुर शाक्य र डा. सानुभाई डंगोलले टिप्पणी गर्नुभएको थियो ।

स्वागत भाषण पछि उक्त समारोह शुरु गरिएको थियो ।

## शस्त्र परित्याग दिवस

स्थान- नगदेश बुद्ध विहार, धम्महल ।

महान विजया दशमीको उपलक्षमा नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा सम्राट अशोकद्वारा शस्त्र परित्याग गर्नु भएको गुणानुस्मरण गर्दै २२६५ औ. शस्त्र परित्याग दिवस एक कार्यक्रम संचालन गरी मनाइएको समाचार छ । उपासक शिबभक्त मेजुको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा उपासक तुलसी बहादुर प्रजापतीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै उपासक कृष्ण कुमार प्रजापतीले "आजको सन्दर्भमा शस्त्र परित्याग दिसवको उपादेयता" विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै बुद्ध धर्म र दर्शनलाई अंगिकार गरी सम्राट अशोकले कलिङ्ग युद्ध मैदानमा शस्त्र परित्याग गरी सम्यक ढंगले निशस्त्रीकरण अभियानका अग्रदूत भई बिना हातहतियार धार्मिक पूर्वक ३ दशक सम्म राज्य संचालन गर्नु भएको ऐतिहासिक संस्मरण सुनाउनु भएको थियो ।

उपासक जयराम भतांले धन्यवाद ज्ञापन उपासक शिबभक्त मेजुले आफ्नो मन्तव्यसहित सभा विसर्जन गरिएको उक्त समारोह उपासक राजकृष्ण बाडेले संचालन गर्नुभएको थियो ।

### कम्मट्ठानदीपनी पुस्तक विमोचन

२०६० आश्विन २७ गते, मंगलवार ।

अग्गमहापण्डित लेडी सयादो महास्थविरद्वारा लिखित "कम्मट्ठान दीपनी" ग्रन्थ नेपालीभाषामा अनुवाद भै श्रीसुमंगल विहारमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष तथा संघ उपनायक भिक्षु बुद्धघोष महास्थविर बाट विमोचन गर्नुभयो । उहाँले नै नेपालभाषामा अनुवाद गर्नु भएको कम्मट्ठानदीपनी महेन्द्र रत्न शाकयले नेपाली भाषामा अनुवाद गर्नु भएको थियो भने भिक्षु शोभनले सम्पादन गर्नु भएको थियो । पुस्तकको महत्ववारे प्रकाशपार्नु हुँदै अनुवादक महेन्द्ररत्न शाक्यले यो पुस्तक ध्यान गर्ने व्यक्तिहरूको निम्ति ज्यादै उपयोगी सिद्ध हुने र यसमा पंञ्चस्कन्धको विशेषव्याख्या भएको कुरा बताउनु भयो । यस पुस्तकका प्रमुख प्रकाशिका लक्ष्मी मानन्धर हुनुहुन्छ । सह प्रकाशकमा मिश्री माया वैद्य, धर्मराज लामा, दुवलक्ष्मी राना र पवित्रा मोक्तान हुनुहुन्छ ।

### बुद्धपूजा

२०६० असोज २२, विहीवार । स्थान- श्रीघः काठमाडौं ।

दिवंगत इतुं बहाको उपासिका चम्पावती बनिया प्रमुख सपरिवारद्वारा स्थापित वर्माबाट ल्याइएको बुद्ध मूर्ति अगाडि बुद्ध पूजा कार्यक्रम सम्पन्न गरिएको छ ।

दिवंगत ज्ञानमान बनियाको पुण्य स्मृतिमा स्थापित उक्त बुद्ध मूर्ति अगाडि स्व. उपासिका चम्पावती बनियाको परिवारबाट वर्षै पिच्छे श्रीघः पूर्णिमाका दिन बुद्ध पूजा कार्यक्रमको आयोजना गरी भन्ते गुरुमांहरूलाई भोजन गराई दान प्रदान गर्ने कार्यक्रम रहँदै आएको छ ।

### सम्मान कार्यक्रम

२०६० असोज २२ गते ।

स्थान- श्रीघः, काठमाडौं ।

श्रीघः विहार सुधार तथा बुद्ध प्रतिमा निर्माण समितिले श्रघिः मा एक ठूलो बुद्धमूर्ति (ढुंगाको) स्थापना गरी हाल मन्दिर निर्माण कार्य संचालन गरिरहेको छ । उक्त समितिले काठमाडौ महानगर पालिकाका मेयर केशव स्थापितलाई एक समारोह विच सम्मान गरिएको थियो ।

केदार शाक्यद्वारा संचालन गरिएको उक्त कार्यक्रममा उक्त समितिका सचिव श्री गुह्य रत्न शाक्यले स्वागत भाषणका साथै समितिको प्रगति प्रतिवेदन पनि पेश गर्नुभएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा मेयर स्थापितले श्रीघः एक पुरातत्त्विक स्थान भएकोले काशी स्वयम्भू वरिपरिका घरहरूमा लिच्छवीकालिन र मल्लकालिन समयका डिजाइनहरूमा झ्याल राखी यस स्थानलाई म्यूजियमको रुप दिनुपर्ने सुझाव व्यक्त गर्नुभयो । यसको लागि यस स्थानमा रहेको प्रभात मा.वि.लाई अर्को अनुकूल स्थानमा सार्नुपर्ने विज्ञासा पनि प्रस्तुत गर्नुभयो ।

समितिका अध्यक्ष भिक्षुणी धम्मवतीले धन्यवाद ज्ञापन गर्ने सिलसिलामा मेयर केशव स्थापितले काठमाडौंलाई पुनरुत्थान गर्ने कार्यमा अझ बढी लागि रहन सकोस् भनी आशिर्वाद दिनु हुँदै भन्नुभयो– "जुनसुकै कार्यको थालनी गर्दा पनि हामी सबैले आफ्नो कर्त्तव्य र जिम्मेवारी वहन गरी अग्रसर हुन आवश्यक छ । यसले गरेन उसले गरेन भन्दै एक अर्कालाई आरोप प्रत्यारोप गरी वैमनश्यता ल्याइरहँदा हाम्रो अगाडि तगारो खडा भई अगाडि वढ्न सक्दैनौं ।"

उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले मेयर केशव स्थापितलाई बुद्धमूर्ति एउटा पनि उपहार स्वरूप प्रदान गर्नुभएको थियो ।

### हनापौ व अनुदान सहयोग

२०६० कार्तिक १६ गते, आइतवार ।

थाय्- कृष्ण गल्ली, पाटनढोका, यल ।

बुद्ध धर्म व बौद्ध सँस्कृतियात संरक्षण व सम्वर्द्धनया ज्याय् ग्यसुलाक्क योगदान बिया बिज्या:पिन्त हनेगु ज्याझ्वले थुगु दँयू धर्मबहादुर धाखा: कल्याण कोषं बौद्ध विहार संघ ललितपुर व श्रद्धेय धम्मवती गुरुमांयात हनापौ देछाय्गु ज्याझ्व: क्वचाय्कूगु दु । अथेहे थुगु संस्थां थुगु दँय् नेपाल भाषा एकेडेमीयात नं अनुदान सहयोग ब्यूगु दु ।

थुकथं पूजा याय् बह:पिन्त पूजा याय्गु नं छगू मंगल ज्या ख: धका भगवान बुद्धं देशनायाना बिज्यागु उपदेशयात मनन यासे थुगु संस्थां यानावयाच्वंगु थुगु ज्या च्वछाय्बह:जूगु खँ थुगु ज्याझ्वले विभिन्न वक्तापिसं उल्लेख या:गु दु ।



Downloaded from http://www.dhamma.digital

## विभिन्न विहारहरूमा कठिन उत्सव सम्पन्न

वि.सं. २०६० सालको वर्षावास पूरा भएको उपलक्ष्यमा विभिन्न विहारहरूमा विभिन्न मितिमा कठिन उत्सव सम्पन्न गरिएको छ ।

आश्विन २४ गते गणमहाविहार, काठमाडौं ।
आश्विन २४ गते कुटी विहार, कोटेश्वर ।
आश्विन २५ गते प्रणिधिपूर्ण विहार, बलम्बू ।
आश्विन २६ गते शाक्य सिंह विहार, ललितपुर ।
आश्विन २७ गते सुमंगल विहार, ललितपुर ।
पण्डिताराम विहार, लुम्बिनी ।
आश्विन २८ गते मणिमण्डप विहार, ललितपुर ।
बर्मी विहार, लुम्बिनी ।
आश्विन २९ गते संघाराम विहार, क्षेत्रपाटी, ढल्को ।
आश्विन ३० गते जीतापुर गन्ध कुटी विहार, खोकना ।
कार्तिक १ गते श्रीघः विहार, काठमाडौं ।
कार्तिक २ गते अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, संखमूल, काठमाडौं ।
कार्तिक ३ गते बुद्ध विहार काठमाडौं ।
कार्तिक ४ गते पाटी विहार ठिमी ।
कार्तिक ५ गते जितवन महाविहार, थानकोट ।
कार्तिक ६ गते श्रीकीर्ति विहार, कीर्तिपुर ।
कार्तिक १२ गते बौद्ध समकृत विहार, भक्तपुर ।
कार्तिक १३ गते बोधिचर्या विहार, बनेपा ।
कार्तिक १४ गते पद्मसुगन्ध विहार, काठमाडौं ।
शान्तिवन, गोदावरी ।
कार्तिक १५ गते चारुमति विहार, चाबहिल ।
राजकीय विहार, लुम्बिनी ।
कार्तिक १६ गते ध्यानकुटी विहार, बनेपा ।
कार्तिक १६ गते धर्मशीला बुद्ध विहार, पोखरा ।
कार्तिक १७ गते टोखा बुद्ध विहार, काठमाडौं ।
कार्तिक १८ गते विश्व शान्ति विहार, नयाँ बानेश्वर ।
कार्तिक १९ गते छत्रपुर विहार, लुभु ।
कार्तिक २० गते आनन्दकुटी विहार, काठमाडौं ।
कार्तिक २१ गते पूर्वाराम विहार, धुलिखेल ।
कार्तिक २२ गते यम्पि विहार, ललितपुर ।

## कतिं पुन्ही

२०६० असोज ... गते, कतिंपुन्ही ।
स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचःको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको जग्गादाता उपासिका जगत लक्ष्मी बैद्यको दिवंगत पिता जगतमान वाडेको पुण्य स्मृतिमा बुद्ध गुण स्मरण गरियो ।

शील प्रार्थना पश्चात् न्हुछेकुमार सिंकेमनको उभापतित्त्वमा भिक्षु वरसम्बोधि र श्रामणेर ज्ञानोदयको प्रमुखत्त्वमा सम्पन्न उक्त कार्यक्रममा कतिंपुन्ही भिक्षुहरूको वर्षावास समापन, बुद्धले शंकास्यमा पदार्पण गर्नुभएको, बुद्धको उपदेश सुनेर अजातशत्रुको हृदय परिवर्तन भएको आदि जस्ता ऐतिहासिक घटनाहरू घटेको दिन भएकोले यस दिनको महत्त्व बढि रहेको विषयमा कृष्ण कुमार प्रजापतीले बोल्नु भएको थियो ।

यसरी नै भिक्षु वरसम्बोधिले भारतको संकास्यको ऐतिहासिक महत्त्ववारे बोल्नु भएको थियो ।

नगदेश बुद्ध विहारमा भिक्षुहरू वर्षावास नवसेपनि उपासक समूहबाट नियमित रुपले त्रिरत्न गुण स्मरण गरी शील पालन कार्यक्रम संचालन गर्दै आएको कुरा थाहा हुन आएको छ ।

## सुत्तपितक, संयुक्त निकायया २४० पेज, नं. ८ सुदत्त सुत्र ।
### धर्मकीर्ति प्रत्रिका, वर्ष २१, अंक ७, पेज ५, या च्यागू प्रश्नया उतर

१. नं. उत्तर- सिद्धार्थ गर्भे प्रवेश जूबले महामायादेवी ४०, (पीदं) वर्ष दत ।
२. नं. उत्तर- सिद्धार्थ, महामायाया गर्भे प्रवेश जूबले सुद्धोदन महाराज ५७, दत ।
३. नं. उत्तर- राजगृहया शिवद्वार पिन थ्यनेवथ (जः) आलोक लोप जुइवं अनाथपिण्डिक गृहपति म्ह जिरीङ्ग जुया लिहाँ वय् त्योंगु ।
४. नं. उत्तर- भगवान बुद्ध नसंचा इलय् दना खुल्ला चकंगु ख्यले चक्रमण याना बिज्याना च्वन ।
५. नं. उत्तर- भगवान बुद्धं अनाथपिण्डिक गृहपतियात "हे सुदत्त थुखे वा धका सम्बोधन याना बिज्यात ।
६. नं. उत्तर- वयागु नां सुदत्त व वया बौ यागु नाँ सुमन सुदत्त खः ।
७. नं. उत्तर- भगवान बुद्धयात राज गृहया शीतवने नसंचा इले हे नापलात ।
८. नं. उत्तर- गृहपति ! ह्यने न्ह्या हुँ धका ३ तक धाम्ह शिवक यक्ष खः । उकि अनाथपिण्डिक गृहपति लिहाँ मवगु ।

प्रश्न-न्यना बिज्याम्ह : **हेराकाजी सुइका, नागवहाल (कुटि वहाल)**
उत्तर बिया बिज्याम्ह : **इन्दिराशोभा शाक्य, ल.पु. ओकुबहाल ।**
धर्म श्रवण, यायेगु स्थानः **श्री सुमंगल बौद्ध विहार**

२०६० कार्तीक, ८ गते शनीवार, तिथी अमाई ।

बा. अ. का. द. नं. - ७०/०४०/४१

# अनिच्चावत संखारा

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ती तेसं ऊपसमो सुखो ॥
"सम्पूर्ण संस्कार धर्म जे जति छन् ती सबै अनित्य हुन्"



## दिवंगत रत्न मान सिंह तुलाधर

जन्मः वि. सं. १९८३ चैत्र २२ गते, सोमबार; चैत्र शुक्लपक्ष (ने. सं. १०४७ चौलाथ्वः तृतीया)
दिवंगतः वि. सं. २०६० कार्तिक १२ गते, बुधबार; कार्तिक शुक्लपक्ष (ने. सं. ११२४ कछलाथ्वः चौथी)

"धर्मकीर्ति" पत्रिका मुद्रण ज्याभ्वले निरन्तर गुहाली बियाच्वंगु "न्यू नेपाल प्रेस"या नायो भाजु रत्न मान सिंह तुलाधर दिवंगत जुयादीगुलिं वयक:या सपरिवारं संसारया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फयमा धका: कामना यानाच्वना ।

## धर्मकीर्ति पत्रिका परिवार

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: [illegible], फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital